भ्रष्टाचार नियन्त्रणका लागि खबरदारी... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १७९ • २०८१ साल मंसिर १० गते सोमबार (25 November, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।–

# मेयर-उपमेयरको विवादले नगराईन नगरपालिका ठप्प

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको नगराईन नगरपालिकामा मेयर र उपमेयरबीचको विवाद साम्य भएको देखिए पनि अवस्था मिलेको छैन ।

नगराईन नगरपालिकाको नगर सभा नहुँदा शिक्षक र कर्मचारीले तलब पाउन सकेका छैनन् । मेयर विनय कुमार यादवले नगरसभा गर्न चाहने तर उपमेयर राधादेवी यादवले नमान्ने गर्दा नगरपालिकाको सबै आर्थिक कारोबार ठप्प भएको छ ।

> उनले नगराईन नगरपालिकाको नगरसभा यसै साताभित्र मिति तोकेर सम्पन्न भएसंगै नगरासभाबाट नीति, कार्यक्रम र बजेट पनि पारित र सबैले तलब भत्तालगायतका सेवा सुविधाहरु पाउने आश्वासन दिए ।

पालिकाको सम्पूर्ण कामकाज पाँच महिनादेखि ठप्प हुँदा शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा सेवालगायत विकास निर्माणका कामहरुसमेत ठप्प छ । लामो समयदेखि ठप्प रहँदा स्थानीयस्तरमा नगराईन नागरिक समाज युवा समूहको सक्रियतामा मेयर र उपमेयरलगायत विभिन्न दल तथा जनप्रतिनिधिहरुको उपस्थितिमा नगरसभाका लागि सकारात्मक देखिएको थियो । तर केही दिनदेखि लगातार बस्दै आएको पालिकाको बैठकमा मेयर विनयकुमार यादवले स्थानीय तहको सरकार सञ्चालन सम्बन्धी कार्यविधि २०७६ खारेजी नगरी संशोधनका लागि प्रयास गरेपछि एमालेबाट निर्वाचित जनप्रतिनिधिहरु सशंकित भएका छन् ।

उपमेयर राधादेवी यादवले सामूहिक रुपमा मेयरले आफूहरुसंग गरेको सहमति लागु नगरी स्थानीय तहको सरकार सञ्चालन सम्बन्धी ऐन २०७४ कार्यान्वयन नगरी पुरानै कार्यविधि संशोधन गर्न खोजेपछि आफूहरुले विरोध गरेको बताइन् ।

दुई दिनदेखि नगराईन नगरपालिकामा हुँदै आएको मेयर-उपमेयर बीचको संवादसमेत हुन नसकेको उपमेयर राधादेवीले बताइन् ।

जसले गर्दा नगराईन नगरपालिकाको विवादका कारण ०८१/८२ को नगरसभासमेत हुन सकेको छैन । मेयर यादवले अहिलेसम्म दुवै पक्षबीचको वार्ता संवाद सकारात्मक रहे पनि टुंगो लाग्न अझै केही दिन लाग्ने बताए । उनले भागवण्डादेखि कार्यविधि संशोधन समेत प्याकेजमै सहमति गर्न खोजेकाले केही समय लम्बिएको प्रस्ट गरे ।

उनले नगराईन नगरपालिकाको नगरसभा यसै साताभित्र मिति तोकेर सम्पन्न भएसंगै नगरासभाबाट नीति, कार्यक्रम र बजेट पनि पारित र सबैले तलब भत्तालगायतका सेवा सुविधाहरु पाउने आश्वासन दिए ।

उपमेयर राधादेवीले स्थानीय सरकार ऐन सञ्चालन ऐन, २०७६ खारेज गरी स्थानीय सरकार २०७४ लागू नभएसम्म नगरसभा हुन नदिने भन्दै विरोध जनाएपछि सभा हुन सकेको छैन ।

उनले आफ्नो माग सम्बोधन हुने अवस्थामा मात्रै नगरसभालगायतका काम अगाडि बढ्ने अडान लिएकी छन् । आन्दोलनका कारण अहिले नगरपालिकाको कामकाज ठप्प छ ।

अर्कोतर्फ विद्यालय र स्वास्थ्य सेवा केन्द्र खोल्नुपर्ने भन्दै मेयर र उपमेयरको विरोधमा नगराईन नागरिक समाज समूहले आइतबारदेखि आन्दोलन थालेका छन् ।

समूहका संयोजक आदर्श मण्डल र सहसंयोजक विश्वनाथ साहलाई इलाका प्रहरी कार्यालय फुलगामाले पक्राउ गरी आन्दोलन नगर्ने सर्तमा साँझमा रिहा गरेका छन् ।

# ओली सरकारविरुद्ध सीकेको अभिव्यक्ति

**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टी नेतृत्वको मधेश प्रदेश सरकार धरमरमा रहेको बेला प्रधानमन्त्री केपी शर्मा ओलीप्रति व्यंग्य गरेका छन् ।

एसियाली राजनीति पार्टीहरूको अन्तर्राष्ट्रिय सम्मेलन (आईक्याप)को १२ औँ साधारण सभामा भाग लिन कम्बोडिया पुगेका जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले नेपालमा प्रधानमन्त्री ओलीलाई भेट्न नपाएको गाह्रो भन्दै आलोचना गरेका छन् ।

शनिबार कोम्बोडियाका प्रधानमन्त्री सामदेक टेचो हुन सेनसँग भेटघाटपछि जनमत पार्टीका अध्यक्ष राउतले सामाजिक सञ्जाल अन्तर्गतको फेसबुक पेज र एक्समा फोटो राखेर प्रधानमन्त्री ओलीप्रति कटाक्ष गरेका हुन् ।



कम्बोडियाका प्रधानमन्त्री हुन सेनसंगको भेटघाटपछि अध्यक्ष राउतले आफ्नो सामाजिक सञ्जालको पेज तथा एक्समा लेखेका छन्, 'कम्बोडियाका प्रधानमन्त्री सामदेक टेचोसँग भेटवार्ता, बरू नेपालकै प्रधानमन्त्री भेट्न साह्रै गाह्रो ।'

प्रधानमन्त्री ओली नेतृत्वको सत्ता गठबन्धनमा सीके राउत नेतृत्वको जनमत पार्टी पनि छन् । जनमत पार्टीले ओली नेतृत्वको संघ सरकारलाई समर्थन जनाएका छ । त्यससंगै मधेश प्रदेश सरकारको नेतृत्व जनमत पार्टीले गरेको छ । सत्तागठबन्धन दलकै अध्यक्ष राउतले देशका प्रधानमन्त्रीलाई भेट्न नपाएको आलोचना कम्बोडियामा गरेका छन् । कम्बोडियाका प्रधानमन्त्री हुन सेनसंग भेटघाटको तस्बिर राखेर आलोचनात्मक टिप्पणी गरेकोमा अध्यक्ष राउतको आलोचना भइरहेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई पक्राउ गरेपछि अध्यक्ष राउतले ओली नेतृत्वको सरकारलाई सार्वजनिक रुपमै जथाभावी आलोचना गरेका थिए । अध्यक्ष राउतले आलोचना गरेपछि प्रधानमन्त्री ओलीले उनलाई सत्तागठबन्धनको बैठकमै बोलाएर स्पष्टीकरण लिएका थिए ।


अध्यक्ष राउतले त्यसपछि पनि प्रधानमन्त्री ओलीको सार्वजनिक रुपमै विभिन्न मञ्चमार्फत विरोध गर्दै आएका छन् । यता आएर सभामुख देवराज घिमिरेले जनमत पार्टीकी समानुपातिक सांसद गोमालाभ सापकोटालाई पदबाट बर्खास्त गर्नुपर्ने अडान लिएर धम्की दिएका थिए । तर सभामुख घिमिरेले पदबाट हटाउनका लागि प्रमाण अपुग रहेको भन्दै सांसद सापकोटालाई हटाएनन् । त्यसपछि सभामुख घिमिरे पनि कम्बोडियातर्फ प्रस्थान गरे ।

सोही अवसरको क्रममा कम्बोडियामै रहेका अध्यक्ष राउतले प्रधानमन्त्री ओलीसंग पनि भेट्न चाहेका थिए । तर व्यस्तताको कारण देखाउँदै प्रधानमन्त्री ओलीले समय नदिएपछि राउतले आक्रोशपूर्ण व्यंग्यात्मक अभिव्यक्ति दिएका छन् ।

जनमत पार्टीका अधिकांश नेताहरुले प्रधानमन्त्री ओलीले काम गर्न नसकेको भन्दै सार्वजनिक रुपमै आलोचना गरिरहेका छन् । त्यसक्रममा सांसद अब्दुल खानले पनि प्रधानमन्त्री ओलीले काम गर्न नसकेको आरोप लगाएका छन् ।

मधेशमा जनमत नेतृत्वको सरकारलाई रिप्लेस गर्ने चर्चा परिचर्चा भइरहेको बेलामा सीके राउतको व्यंग्यात्मक टिप्पणीले राजनीतिमा प्रतिकूल असर पर्ने विश्लेषकहरुको ठहर छ ।



# 'सबैको पहुँचमा गुणस्तरीय खानेपानी सेवा पुर्‍याउनु सरकारको प्रमुख दायित्व'

झापा । खानेपानीमन्त्री प्रदीप यादवले सबै नागरिकको पहुँचमा गुणस्तरीय खानेपानी सेवा पुर्‍याउनु सरकारको प्रमुख दायित्व रहेको बताउनुभएको छ ।




झापाका विभिन्न स्थानमा निर्माणाधीन खानेपानी परियोजनाको आइतबार स्थलगत अनुगमन गर्दै उहाँले निर्माण प्रगतिसँगै आइपर्ने चुनौतीहरूको विस्तृत जानकारी लिनुभएको हो ।

मन्त्री यादवले मेचीनगर र धुलाबारीमा निर्माणाधीन खानेपानी ओभरहेड ट्याङ्कीहरूको निरीक्षण गर्दै सम्बन्धित निकायलाई निर्माण समयमा सम्पन्न गर्न निर्देशन दिनुभयो । उहाँले उपभोक्तालाई शुद्ध र स्वच्छ पानी उपलब्ध गराउनका लागि निर्माणमा तीव्रता ल्याउनुपर्नेमा जोड दिनुभयो ।

सुरुङ्गास्थित सुरुङ्गा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था र मोरङको सनिचरीस्थित पथरी खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाका पदाधिकारीसँग छलफल गर्दै मन्त्री यादवले स्थानीयस्तरमा भइरहेको प्रगति, सञ्चालनमा रहेका योजना र चुनौतीहरूको समाधानका लागि सरकारको निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "सबै नागरिकको पहुँचमा गुणस्तरीय खानेपानी सेवा पुर्‍याउनु सरकारको प्रमुख दायित्व हो । यसका लागि सरकार आवश्यक नीति र कार्यक्रममार्फत सुविधायुक्त र दिगो सेवा उपलब्ध गराउन प्रयासरत छ ।"

मन्त्री यादवले झापाको मेचीनगरमा चारआलीस्थित साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था र काँकरभीट्टास्थित काँकरभीट्टा खानेपानी उपभोक्ता संस्थाको पनि स्थलगत अवलोकन गर्नुभएको थियो । उहाँले स्थानीय तहमा भएका सकारात्मक कार्यको प्रशंसा गर्दै खानेपानी आपूर्ति सुधारका क्रममा देखिएका चुनौती समाधान गर्न सहकार्यलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

मन्त्री यादवले जिल्लामा निर्माण भइरहेका दिसाजन्य लेदो व्यवस्थापन परियोजना र सरसफाइ व्यवस्थापन परियोजनाको पनि अवलोकन गर्दै परियोजनाहरूले झापा र आसपासका क्षेत्रका नागरिकलाई स्वच्छता र स्वास्थ्य सुधारमा महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले देशभर देखिएका खानेपानी सम्बन्धी समस्या समाधान गर्न सरकार सक्रिय रहेको भन्दै व्यक्तिगत रूपमा स्थलगत अनुगमन तथा अवलोकनमार्फत परियोजनाको प्रगतिबारे जानकारीसहित सुधारका लागि आफू कटिबद्ध रहेको बताउनुभयो । मन्त्री यादवले दीर्घकालीन योजना कार्यान्वयन गर्दै स्थायी, भरपर्दो र सहज खानेपानी आपूर्ति सुनिश्चित गर्न सबै तहका साझेदारहरूसँगको सहकार्यलाई सुदृढ गर्ने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, "नेपाल सरकार नागरिकको जीवनस्तर उकास्न खानेपानी र सरसफाइ सेवा सुधार्न दृढ छ । स्रोतसाधन परिचालन गरी समयमा निर्माणाधीन परियोजना सम्पन्न गर्न हामी प्रतिबद्ध छौँ ।" झापाका उपभोक्ता संस्थाहरूका पदाधिकारीले मन्त्री यादवको सक्रियतालाई सकारात्मक कदमका रूपमा व्याख्या गर्दै जिल्लामा निर्माणाधीनखानेपानीपरियोजनालाई समयमा सम्पन्न गर्न ऊर्जा थपेको प्रतिक्रिया दिनुभएको थियो । मन्त्री यादवको भ्रमण पश्चात् स्थानीय नागरिकले स्थायी र गुणस्तरीय खानेपानी सेवा प्राप्त हुने आशा व्यक्त गर्नुभएको छ ।रासस

# राष्ट्रिय गौरवका आयोजनाका कामलाई गति दिन प्रधानमन्त्रीको चासो

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय गौरवका आयोजनाहरुको कामको गतिलाई तीव्रता दिने विषयमा आइतबार सम्बन्धित मन्त्री, सचिव, आयोजना प्रमुखलगायतसँग छलफल गर्नुभएको छ ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको उक्त छलफलमा विभिन्न २४ राष्ट्रिय गौरवका आयोजनाको हालको अवस्था, वित्तीय तथा भौतिक प्रगति, विद्यमान समस्या र समाधानका उपायको प्रस्तुतीकरण गरिएको छ । ती आयोजनामा स्रोत सुनिश्चितता, न्यून बजेट, जग्गा अधिग्रहण, रुख कटान, बाढी पहिरोका कारण सडकमा अवरोध, प्रक्रियागत झमेला, मुआब्जा विवाद, कानुनी मुद्दाजस्ता समस्या देखिएका छन् ।

हालसम्म ८० प्रतिशत प्रगति भएका आयोजनामा मेलम्ची खानेपानी आयोजना र पशुपति क्षेत्र विकास कोष रहेका छन् भने ५० देखि ८० प्रतिशत सम्पन्न भएका आयोजनामा पुष्पलाल (मध्यपहाडी) राजमार्ग, हुलाकी लोकमार्ग, उत्तर दक्षिण कोशी कोरिडोरमार्ग, रानी जमरा कुलरिया सिँचाइ आयोजना, भेरी बबई डाइभर्सन बहुद्देश्यीय आयोजना, लुम्बिनी विकास कोषलगायत छन् । अन्य आयोजना १० देखि ५० प्रतिशतको प्रगतिको स्थितिमा छन् भने १० प्रतिशतभन्दा कम काम भएका आयोजनामा बूढीगण्डकी जलविद्युत् आयोजना, पश्चिम सेती जलविद्युत् आयोजना र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल रहेका छन् ।

बैठकको प्रारम्भ गर्दै प्रधानमन्त्री ओलीले अहिलेको अवस्था सन्तोषजनक नभएकाले कामलाई गति दिन के के गर्न सकिन्छ ? वर्तमान सरकार आएपछि नयाँपनका साथ कामलाई गति दिन के के नयाँपन गरियो ? भन्ने विषयमा आयोजना प्रमुखहरुबाट स्पष्टता लिनुभएको थियो । प्रधानमन्त्री ओलीले सधैँ झैँ काम गरेर नपुग्ने भएकाले नयाँ र परिवर्तित सोचका साथ उत्पादन र रोजगारी वृद्धि गर्नेगरी आयोजना अघि बढाउन आवश्यक रहेकाले उत्पादन गर्न सम्भव हुने क्षेत्रमा मुलुकलाई आत्मनिर्भर गराउन किन नसक्ने भन्ने प्रश्नलाई ध्यानमा राख्नुपर्ने बताउनुभयो ।

छलफलमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, रक्षामन्त्री मानवीर राई, वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरी, खानेपानीमन्त्री प्रदीप यादव, प्रधानमन्त्रीका आर्थिक मामिला सल्लाहकार डा युवराज खतिवडा, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारी, मुख्यसचिव एकनारायण अर्याल, सम्बन्धित सचिवहरु र आयोजना प्रमुखहरुको सहभागिता रहेको छ ।रासस

# रास्वपा सभापति अझै १५ दिन हिरासतमा

गण्डकी । सहकारी ठगी तथा सङ्गठित अपराधसम्बन्धी मुद्दामा कास्की प्रहरीको हिरासतमा रहनुभएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई थप १५ दिन हिरासतमा राख्न जिल्ला अदालत कास्कीले अनुमति दिएको छ ।

लामिछानेलाई आइतबार कास्की जिल्ला अदालतमा उपस्थित गराइएको थियो । जिल्ला अदालतका न्यायाधीश हिमलाल वेल्बासेको इजलासले थप १५ दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको अदालतका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिनुभयो ।

यसअघि गत कात्तिक २५ गते कास्की जिल्ला अदालतले उहाँलाई १३ दिन हिरासतमा राख्न प्रहरीलाई अनुमति दिएकामा उक्त म्याद शुक्रबार सकिएपछि आइतबार अदालत उपस्थित गराइएको थियो । अनुसन्धानका क्रममा प्रहरी हिरासतमा रहेका पूर्वगृहमन्त्री लामिछाने गत कात्तिक २ गते काठमाडौँबाट पक्राउ पर्नुभएको थियो । रासस

# जिप्रका पर्साद्वारा भाडाका सटर खाली गर्न निर्देशन

वीरगञ्ज । जिल्ला प्रशासन कार्यालय पर्साको प्रवेशद्वारमा सेवाग्राही मर्कामा परेसँगै भाडाका सटर खाली गराउन सार्वजनिक सूचना जारी गरिएको छ । कार्यालयले सार्वजनिक सूचना गरेर कार्यालय प्राङगणमा रहेका पाँच भाडाका सटर खाली गराउन ३५ दिने सूचना जारी गरेको छ । सहायक प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीले कार्यालयमा सेवाग्राहीको अत्यधिक चाप र नागरिकलाई निर्वाध सरलीकृत सेवा वितरण गर्नका लागि भाडाका सटर खाली गराउन लागेको जानकारी दिनुभयो ।




"कार्यालयमा अत्यधिक सेवाग्राहीको चापको कारणले कार्यालयका लागि कोठाको अभाव कायमै रह्यो", उहाँले भन्नुभयो, "कार्यालय प्राङ्गणभित्रै राहदानी, राष्ट्रिय परिचयपत्र लगायतका निःशुल्क फर्म भर्नका लागि ठाउँ चाहिएकाले पनि सटर खाली गर्न लागेका हौँ ।"

जिल्ला प्रशासन कार्यालय र कर्मचारी मिलन केन्द्रले कार्यालयको प्रवेशद्वारमा नै पाँच सटर भाडामा लगाएको थियो । कार्यालयको प्राङ्गणमा अर्जेन्ट साइबर, न्यू क्वालिटी प्रिन्टर्स एण्ड नाइनल स्टाम्प र तीन सटर फोटो फेस डिजिटल स्टुडियोले भाडामा लिँदै आइरहेको थियो । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले प्रजिअको जिम्मेवारी सम्हालेसँगै कार्यालय परिसरमा रहेका बिचौलियाको अन्त्य गर्दै कार्यालय परिसरभित्रै निःशुल्क रुपमा राहदानी र राष्ट्रिय परिचयपत्र लगायतका अनलाइन फारम भर्ने व्यवस्था मिलाउने बताउनुभएको छ ।रासस

# प्रहरी विधेयक मन्त्रिपरिषदमा पेस

काठमाण्डु । नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरिएको छ ।



गृह मन्त्रालयले प्रहरी र सशस्त्र प्रहरी बलसम्बन्धी कानुनलाई संशोधन गर्न अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र लोक सेवा आयोगको सहमतिपछि प्रहरी विधेयक मन्त्रिपरिषद्मा पेस गरेको हो ।

प्रहरी ऐन-२०१२ मा व्यवस्था भएका कानुनी प्रावधानलाई समयसापेक्ष परिमार्जन एवं संशोधन गरी नयाँ प्रहरी ऐन तर्जुमा गर्न तथा सर्वोच्च अदालतबाट प्रहरी कर्मचारीको सेवा सर्त सम्बन्धमा विभिन्न समयमा भएका फैसला कार्यान्वयन गर्नुका साथै प्रहरी सेवालाई नेपालको संविधान तथा प्रचलित कानुन, लोकतन्त्र र कानुनी शासन र मानव अधिकारप्रति प्रतिबद्ध, लैङ्गिक संवेदनशील, जवाफदेही, उत्तरदायी, प्रभावकारी तथा व्यावसायिक बनाउन विधयेक स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गरिएको गृह मन्त्रालय कानुन महाशाखाका प्रमुख सहसचिव भरतमणि रिजालले जानकारी दिनुभयो ।

सार्वजनिक शान्ति प्रवर्द्धन, अपराध रोकथाम तथा नियन्त्रण गरी शान्तिसुरक्षा एवं सुव्यवस्था कायम गर्न र अपराधको अनुसन्धान गर्न नेपाल प्रहरी सेवाको गठन, सञ्चालन तथा सेवाको सर्तसम्बन्धी कानुनी व्यवस्थालाई संशोधन तथा एकीकरण गर्न आवश्यक रहेकाले विधेयक सङ्घीय संसद्मा प्रस्तुत गर्न स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गरिएको कानुन महाशाखाका प्रमुख रिजालले बताउनुभयो ।

त्यसैगरी, सशस्त्र प्रहरी ऐन, २०५८ मा व्यवस्था भएका कानुनी प्रावधानलाई समयसापेक्ष परिमार्जन एवं संशोधन गरी नयाँ सशस्त्र प्रहरी ऐन तर्जुमा गर्न तथा सर्वोच्च अदालतबाट सशस्त्र प्रहरी कर्मचारीको सेवा सर्त सम्बन्धमा फैसला कार्यान्वयन गर्नुका साथै सशस्त्र प्रहरी सेवालाई नेपालको संविधान, प्रचलित कानुन तथा मानव अधिकारप्रति प्रतिबद्ध, व्यावसायिक र प्रभावकारी बनाउँदै शान्तिसुरक्षा एवं सुव्यवस्था, विपद् व्यवस्थापन, सीमा सुरक्षा, सीमा अपराध नियन्त्रण लगायतका काममा परिचालन गर्न सशस्त्र प्रहरीसम्बन्धी कानुनी व्यवस्थालाई संशोधन तथा एकीकरण गर्न आवश्यक रहेकाले विधेयक अघि बढाइएको कानुन महाशाखाका प्रमुख रिजालले बताउनुभयो ।

गृहमन्त्री रमेश लेखकले पद बहालीसँगै प्रहरी सङ्गठन समयसापेक्ष व्यवस्थित, सुदृढ र क्रियाशील बनाउने विषय प्राथमिकतामा राखेर विधेयक परिमार्जन र संशोधनमा जोड दिनुभएको थियो । त्यही अनुरुप गृह मन्त्रालयले विधेयक अघि बढाएको हो ।"मन्त्रिपरिषद्को कार्यालयमा विधेयक पेस भयो, अब मन्त्रिपरिषद्ले विधेयक सङ्घीय संसद्मा प्रस्तुत गर्न स्वीकृति दिनेछ", सहसचिव रिजालले भन्नुभयो, "नेपाल प्रहरी ऐन, २०१२ र सशस्त्र प्रहरी ऐन, २०५८ संशोधन भए सङ्गठनलाई थप सुदृढ र कार्य सञ्चालनमा सहज हुने अपेक्षा गरिएको छ ।"

गृहमन्त्री लेखकले आफ्नो प्राथमिकतामा राखेको प्रहरी विधेयक आगामी सङ्घीय संसद्बाट पारित गराउने लक्ष्य राख्नुभएको छ । "मन्त्रीज्यूले राख्नुभएको लक्ष्यअनुरुप सबै निकायबाट सहमति लिएर विधेयक मन्त्रिपरिषद्को कार्यालयमा पेस भएको छ", उहाँले भन्नुभयो, "विधेयक पारित भएमा प्रहरीमा ३० वर्षे सेवा अवधि हट्नाका साथै प्रहरीको तल्लो दर्जाले १६ वर्षे सेवापछि अवकाश लिन पाउने र प्रहरी सङ्गठन समावेशी र राष्ट्रिय स्वरुपको हुनेछ ।"

गृह मन्त्रालयले दुवै प्रहरी ऐनलाई प्रतिस्थापन गरी प्रहरी सेवाको विशिष्टीकरण, प्रहरी कर्मचारीको हित र कल्याणका नयाँ प्रावधान विधेयकमा समाविष्ट गरिएको जनाएको छ । प्रस्तावित विधेयकले ऐनको हैसियत प्राप्त गरेपछि दुवै प्रहरी सङ्गठनको बृहत्तर हित हुने विश्वास गरिएको मन्त्रालयले जनाएको छ ।रासस

# पाँच महिनामा ५५ गर्भवती तथा सुत्केरीको उद्धार

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले पछिल्लो पाँच महिनामा दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीका लागि हवाई उद्धार कार्यक्रमअन्तर्गत ५५ गर्भवती तथा सुत्केरीको उद्धार गरेको छ ।

राष्ट्रपति महिला उत्थान कार्यक्रम समन्वय इकाईले गत साउनदेखि कात्तिकसम्ममा ४८ गर्भवती तथा सुत्केरीको उद्धार गरेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले जानकारी दिनुभयो । मन्त्रालयले सडक बालबालिकामुक्त नेपाल बनाउने अभियानअन्तर्गत स्थानीय तहसँग सडक बालबालिकाको तथ्याङ्क माग गरेको छ । विभिन्न १० स्थानीय तहमार्फत जम्मा ५६ सडक बालबालिकाको तथ्याङ्क आएकामा राष्ट्रिय बालअधिकार परिषद्मार्फत पुनःस्थापना संरक्षण तथा व्यवस्थापनको कार्य प्रक्रिया अगाडि बढाएको छ ।

पछिल्लो पाँच महिनाको अवधिमा एक हजार ६ सय ८१ हराएका बालबालिकामध्ये एक हजार चार सय ४६ जना फेला पारी पारिवारिक पुनर्मिलन गरिएको मन्त्री सुडीले बताउनुभयो । सङ्घीयस्तरको एक निकाय प्रादेशिक इकाई तथा बाल सुधारगृहको व्यवस्थापनका लागि तयारी गर्नुका साथै बालबालिकासम्बन्धी ऐन, २०७५ संशोधनका लागि मस्यौदा मन्त्रिपरिषद्मा पेस गर्ने तयारी भइरहेको उहाँले बताउनुभयो । मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ संशोधन विधेयकको मस्यौदा र मानव बेचबिखनविरुद्धको राष्ट्रिय नीति, २०८१ को मस्यौदा मन्त्रिपरिषद्मा पेस गर्ने पनि तयारी गरेको छ ।

गत असार ३१ गतेको मन्त्रिपरिषद्को निर्णयबमोजिम आगामी २०८२ असार मसान्तसम्ममा नेपाललाई सडक बालवालिकामुक्त बनाउने सम्बन्धमा सरोकारवाला र स्थानीय तहसँग समन्वय तथा सहकार्यमा काम भइरहेको मन्त्रालयले जनाएको छ । बालबालिकामा भएको लगानीको लेखाजोखा गर्न 'बजेट कोड' तयार गर्ने सम्बन्धमा तयारी भइरहेको र बालबालिकासम्बन्धी ऐन, २०७५ को संशोधनको लागि सरोकारवालासँग सुझाव सङ्कलनको कार्य भइरहेको तथा मस्यौदा तयारी गर्नेक्रममा रहेको मन्त्रालयले जनाएको छ ।रासस


## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथून | : शिक्षामा उन्नति । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : धन वृद्धि सञ्चय । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



आइतबार बिहान लागेको बाक्लो हुस्सु । हुस्सु लाग्न थालेपछि यहाँ जाडो बढेको छ । तस्बिर:रासस

# कृषि क्षेत्र उपेक्षित भएको महोत्तरीका मतदाताको गुनासो



महोत्तरी । स्थानीय तह उपनिर्वाचनको सँघारमा भोट माग्न घरघर पुगेका विभिन्न राजनीतिक दलका नेतासँग महोत्तरी रामगोपालपुर-२ का मतदाताले कृषि क्षेत्र राज्यबाट उपेक्षित भएको गुनासो गरेका छन् ।

भोट माग्दै घरघर पुगेका दलका नेताहरूसँग सो बस्तीका किसानले आफ्ना समस्या कुनै तहका सरकारले समाधानको प्रयास नगरेको गुनासो गरेका हुन् ।उम्मेदवार आफ्नै बस्तीका बासिन्दा भए पनि उनीहरूका लागि मत माग्न अहिले विभिन्न दलका केन्द्रीय तहका नेताहरू आएपछि आफ्ना सुविधा र सहुलियतबारे उपल्लो तहका नेतासँग मतदाताले गुनासो गरेका हुन् ।

"यहाँका बासिन्दा ९० प्रतिशत बढी खेतीपातीमा छौँ, तर हाम्रो खेतमा सिँचाइ सुविधा छैन, समयमा बीउबिजन र मलखाद पनि पाइँदैन", सो वडाका अगुवा किसान मोहम्मद कादिर हुसैन भन्नुहुन्छ, "मत माग्न आउने सबैजसो दलका नेतासँग यहाँका हामीले यही गुनासो गरेका छौँ ।"

रामगोपालपुर-२ मा अहिलेसम्म नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का पोल्युटब्यूरो र केन्द्रीय सदस्य एवं मधेश प्रदेश कमिटीका पदाधिकारीहरू र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठसहित केन्द्रीय पदाधिकारीले आफ्ना दलका उम्मेदवारलाई भोट हाल्न मतदातासँग आग्रह गर्दै किसानका समस्याप्रति आफूहरू गम्भीर रहेको बताउनुभएको छ ।

यही मङ्सिर १६ गते रामगोपालपुर-२ मा हुने चुनावमा दलका सात जना र ११ स्वतन्त्र गरी १८ जना उम्मेदवार प्रतिस्पर्धा गर्दैछन् ।रासस

# उपत्यकाको फोहर व्यवस्थापनसम्बन्धी समस्या समाधान गर्न छलफल



काठमाण्डु । सहरी विकास मन्त्रालयले काठमाडौँ उपत्यकाको फोहर व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न सरोकार भएकासँग छलफल गरेको छ ।

मन्त्रालयमा आइतबार भएको 'बन्चरेडाँडा स्यानिटरी ल्याण्डफिल साइट सञ्चालनमा सहजरीकरण, समन्वय र अनुगमन गर्न गठित उच्चस्तरीय समिति'को बैठकले उपत्यकाको फोहर व्यवस्थापनमा देखिएका समस्या समाधानका गर्न विभिन्न निर्णय गरेको छ । बैठकमा उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले काठमाडौँ उपत्यकाको फोहर व्यवस्थापनमा देखिएका चुनौती र समस्या सबैको सरोकारको विषय भएकाले समाधानका लागि सबै मिलेर अघि बढ्नुपर्ने बताउनुभयो ।

विसं २०७८ फागुन २६ गतेको मन्त्रिपरिषद्को बैठकले उक्त समिति गठन गरेको थियो । उपप्रधानमन्त्री सिंहले भन्नुभयो, "फोहर व्यवस्थापनमा सबैले आवश्यक मापदण्ड पालना गर्नुपर्छ । फोहर वर्गीकरण, पुनःप्रयोगलगायत विषयमा सबैले ध्यान दिन जरुरी छ । यसमा मन्त्रालयबाट आवश्यक सहयोग र समन्वय रहन्छ ।

" उपप्रधानमन्त्री सिंहले ल्याण्डफिल साइटका स्थानीयले राखेका माग सम्बोधन गर्न विकल्पका बारेमा छलफल गरी अघि बढ्न सकिने उल्लेख गर्नुभयो ।

**उपप्रधानमन्त्री सिंहले भन्नुभयो, "फोहर व्यवस्थापनमा सबैले आवश्यक मापदण्ड पालना गर्नुपर्छ ।**

यसमा देखिएका समस्या समाधान गर्न तीनै तहका सरकार मिलेर अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

आइतबार भएको छलफलबारे जानकारी दिँदै मन्त्रालयका सचिव मणिराम गेलालले उपत्यकाको फोहर व्यवस्थापनको नेतृत्व काठमाडौँ महानगरपालिकाले लिने जनाउँदै स्थानीयको जायज माग व्यवस्थापनका लागि विभिन्न सुझाव आएका बताउनुभयो । फोहर ओसार्न वैकल्पिक बाटो निर्माण, ल्याण्डफिल साइटको जग्गा अधिग्रहणका बारेमा स्पष्टता, कुहिने फोहर उपत्यकामा विसर्जन गरी मल बनाउनेलगायत विषयमा आइतबार निर्णय भएको उहाँले जानकारी दिनुभयो ।

बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव राजकुमार श्रेष्ठ, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका भरतमणि सुवेदी, ललितपुर महानगरपालिका प्रमुख एवं उपत्यका मेयरर्स फोरमका अध्यक्ष चिरीबाबु महर्जन, विभिन्न नगरपालिकाका प्रमुख तथा प्रशासकीय अधिकृतलगायत उपस्थित हुनुहुन्थ्यो ।रासस

# कोप-२९ जलवायु वित्त बढाउन सहमति, कार्बन उत्सर्जन कटौतीका लागि भाका सारियो

काठमाण्डु । बाकुको अजरबैजानमा जारी रहेको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारुपमहासन्धी (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरुको २९औँ शिखर सम्मेलन (कोप-२९) टुङ्गिएको छ । शुक्रबार नै कोप सकिने पूर्वतालिका रहे पनि सहमति जुट्न नसकेपछि दुई दिन लम्बिएर कोप सकिएको हो ।

कोप-२९ ले जलवायु वित्त, कार्बन बजार, अनुकूलन, र लैङ्गिक समानताको क्षेत्रमा नयाँ आयाम थप्दै विश्वव्यापी जलवायु कार्यलाई एकीकृत गर्न महत्त्वपूर्ण योगदान दिएको र अब थप परिणाममुखी निर्णय लिन विश्वभरिका देशहरूले तयारी गर्ने युएनएसिसिसीको सचिवालयले जनाएको छ ।




नेपालको तर्फबाट कोपको वार्ता प्रक्रियामा भाग लिनुभएका जलवायुविद् मञ्जित ढकालले कोप वार्ता प्रक्रियाको उपलब्धिमा जलवायु वित्तको नयाँ लक्ष्य (एनसिक्युजी) का बारेमा विकसित देशहरुले विकासोन्मुख देशहरुलाई वार्षिक तीन सय विलियन डलरसम्म उपलब्ध गराउने सहमति नै कोपको मुख्य सकारात्मक उपलब्धि भएको बताउनुभयो । "विकासोन्मुख राष्ट्रको माग वार्षिक १ दशमलव ३ ट्रिलियन डलर भएको छ । साथै, जलवायु वित्तमा सहज पहुँच हुनुपर्ने मागमा सामान्य प्रगति भएको छ", उहाँले भन्नुभयो, "हानिनोक्सानीलाई जलवायु वित्तको नयाँ लक्ष्यका समावेश गराउनेबारे पनि सामान्य प्रगति भएको छ ।"

कार्बन उत्सर्जन घटाउनुपर्ने एजेण्डामा भने धनी मुलुक सकारात्मक नदेखिएको उहाँको भनाइ छ । "यसपटक कार्बन उत्सर्जन घटाएर पृथ्वीको तापमानलाई १ दशमलव ५ डिग्रीमा सन्तुलन ल्याउने विषयको छलफलमा धेरै प्रगति हुन सकेन । यसमा विशेषगरी पेट्रोलियम उत्पादन र बिक्रीमा आश्रित देशको भूमिका असहयोगी रह्यो ।"

ढकालका अनुसार हाम्रो जस्तो देशका लागि जहाँ जलवायुजन्य असर बढ्दो क्रममा रहेको र पृथ्वीको तापमान सन्तुलित बनाउन अत्यन्त जरुरी छ । यसका लागि धेरै कार्बन उत्सर्जन गर्ने देशहरु जिम्मेवार हुन जरुरी रहेको भन्दै ढकालले छलफल अर्को वर्ष जुन महिनामा फेरि छलफल हुनेगरी टुङ्गिएको छ । "कार्बन व्यापारसम्बन्धी छलफलमा धेरै वर्षपछि सहमति भएको छ । बजारमा आधारित कार्बन व्यापार र द्विपक्षीय सहमतिमा गरिने व्यापारलाई अघि बढाउने बाटो खुलेको छ", ढकालले भन्नुभयो, "समग्रमा केही विषयमा प्रगति भए पनि बाँकी विषयको छलफललाई निरन्तरता दिने सहमति गर्दै, बाकु जलवायु सम्मेलन सम्पन्न भएको छ ।"

एनसिक्यूजीमा भएको सहमतिको प्रभावकारी कार्यान्वयन भएमा नेपालजस्ता मुलुकहरुले राखेका जलवायुका योजना कार्यान्वयनका लागि आवश्यकपर्ने वित्त सहयोग व्यवस्थापनमा केही सहज बाकुमै रहनुभएका वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन महाशाखाका प्रमुख डा सिन्धुप्रसाद ढुङ्गानाको भनाइ छ । "जलवायु वित्तमा प्रगति भए पनि कार्बन उत्सर्जन कटौतीमा उत्सर्जक मुलुक तयार भएनन्, यसले तापमान वृद्धि सीमित राख्ने लक्ष्य पूरा हुँदैन कि भन्ने आशङ्का छ, तर निरन्तर पैरवी जारी राख्ने छौँ", उहाँले भन्नुभयो, "तापमान वृद्धिले विशेषगरी नेपालको पर्वतीय क्षेत्रमा बढी असर गर्छ, हिउँ पग्लिने, हिमताल बिस्फोट हुने र हिमपहिरो गएर त्यहाँका बासिन्दालाई सुरक्षामा चुनौती हुनसक्छ, तसर्थ नेपालले पनि उत्सर्जन कटौती गर्नुपर्ने मुद्दामा प्राथमिकता दिएको हो ।"

**'महत्वाकाङ्क्षी परिणामको अपेक्षा थियो'**

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले कोप-२९ मा जलवायु वित्त सहयोग र पृथ्वीको तापमान वृद्धि १ दशमलव ५ डिग्री सीमित राख्न कार्बन उत्सर्जन न्यूनीकरणमा महत्वाकाङ्क्षी परिणामको अपेक्षा गरिएको बताउनुभयो । उहाँले कोपको समापन गर्दै तापमान वृद्धिले जलवायुको सङ्कट निम्त्याइरहेको उल्लेख गर्नुभयो ।

"यस पटकको प्राथमिकता नम्बर एक भनेकै वित्तीय सहयोग थियो, ऋणले थिचिएका, प्रकोपबाट प्रभावित र नवीकरणीय ऊर्जाको क्रान्तिमा पछाडि परेका विकासशील सहयोग जुटाउनु थियो", उहाँले भन्नुभयो, "महत्वाकाङ्क्षाअनुसार कोपको परिणाम देखिएन तर कोपमा भएको यो सहमति एउटा आधार हो, यद्यपि यस सहमतिले थप निर्माण दिन सहयोग गर्ने विश्वास छ ।"

कोप-२९ ले उत्सर्जन कटौती र ऊर्जा रूपान्तरणलाई गति गत वर्ष भएका प्रगतिहरूलाई अगाडि बढाएको र कार्बन बजारमा सहमति पनि ल्याएको गुटेरेशको टिप्पणी छ । महासचिव गुटेरेसले भन्नुभयो, "म यसलाई सहमतिको आधारमा हेर्न र यसलाई थप अगाडि बढाउन आह्वान गर्दछु ।"'यात्रा कठिन थियो, तर हामीले एउटा सम्झौता हासिल गर्‍यौँ'

संयुक्त राष्ट्र जलवायु परिवर्तनका कार्यकारी सचिव साइमन स्टिलले जलवायुको न्याय सम्बोधन गर्दै सङ्कटका समाधान खोजिने एउटा कठिन यात्रा भएको बताउनुभयो । उहाँले भन्नुभयो, " कोप-२९ बाट प्राप्त उपलब्धिले जलवायु सङ्कटको सामना गर्न सहयोग गर्छ । तर कुनै पनि उपलब्धि तब मात्र प्रभावकारी हुन्छ जब यसको कार्यान्वन गरिन्छ । वाचा पूरा गरिनुपर्छ, जसले अर्बौं मानिसको जीवन रक्षा गर्न सकुन् ।"रासस

# सभामुख घिमिरेद्वारा कम्बोडियन समकक्षीसँग भेट

काठमाण्डु । पाँचदिने कम्बोडिया भ्रमणमा रहनुभएका सभामुख देवराज घिमिरेले संसदीय भेटघाट सुरु गर्नुभएको छ । सभामुख घिमिरेले शनिबार साँझ कम्बोडियन समकक्षी तल्लो सदन नेसनल एसेम्ब्लीका अध्यक्षसँग शिष्टाचार भेट गर्नुभएको सभामुख घिमिरेको सचिवालयले जनाएको छ ।

भेटमा द्विपक्षीय हित, नेपालको शान्ति प्रक्रियाको प्रगति, संसदीय आदानप्रदानलगायत विषयमा छलफल भएको छ । सभामुख घिमिरेले शनिबार नै कम्बोडियाको राष्ट्रियसभाका अध्यक्ष सम्देच मोहा रथसपिथिकाथिपादेई खुऔन सुदार िसँग भेट गर्नुभयो । भेटमा सभामुखले सहिष्णुता र शान्तिका लागि अन्तर्राष्ट्रिय संसद्को ११औँ पूर्ण सत्रको आयोजना गरी आमन्त्रण गरेकामा धन्यवाद दिनुभएको थियो ।

सभामुख घिमिरेले भेटमा नेपालको शान्ति प्रक्रियासँगै समावेशी र प्रगतिशील संरचना निर्माण भएको बताउनुभएको थियो । "नेपालमा सन् २००६ मा भएको विस्तृत शान्ति सम्झौताले स्थायित्व ल्याउनुका साथै संविधानसभाबाट सङ्घीयतासहितको समावेशी र प्रगतिशील संरचना बनाउन महत्वपूर्ण योगदान पुर्‍याएको छ", सभामुखले भन्नुभयो ।

नेपालको शान्ति प्रक्रियामा प्राप्त गरेको सफलता र संसद्बाट हालै सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन पारित गरेको भन्दै सभामुखलाई कम्बोडियन संसद्ले 'गार्ड अफ अनर' दिएको छ ।सभामुखले प्रधानमन्त्री सम्देच हुनमानेटको गतिशील नेतृत्वमा कम्बोडियाले सामाजिक-आर्थिक विकास गरेकामा खुसी व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "विगत दशकमा कम्बोडिया अधिराज्यले हासिल गरेको आर्थिक समृद्धिप्रति नेपाल सरकार, नेपालको संसद् र नेपाली जनताले प्रशंसा गर्दछन् ।" सभामुख घिमिरेले नेपाल र कम्बोडिया सरकारबीच भर्खरै सम्पन्न भएको हवाई सेवा सम्झौताले दुई देशका जनताबीचको सम्बन्ध र सम्पर्कलाई एकापसमा जोड्न सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो । सभामुख घिमिरेले आज बिहान प्रधानमन्त्री हुनमानेटसँग अनौपचारिक भेट गर्नुभएको छ ।

पाँच सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै कम्बोडियाको राजधानी नोम पेन्ह पुग्नुभएका सभामुखले आइतबार सहिष्णुता र शान्तिका लागि अन्तर िष्ट्रिय संसद्को ११औँ पूर्ण सत्रमा सम्बोधन गर्ने कार्यक्रम छ ।रासस

# अध्यक्ष दाहालद्वारा राईप्रति श्रद्धाञ्जली अर्पण

काठमाण्डु । नेकपा( माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टीका केन्द्रीय सदस्य पदमबहादुर राईको पार्थिव शरीरमा पार्टीको झण्डा ओढाएर श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ ।

पार्टी कार्यालय पेरिसडाँडास्थित केन्द्रीय कार्यालय परिसरमा राखिएको केन्द्रीय सदस्य राईको पार्थिव शरीरमा उहाँले झण्डा ओढाएर सम्मान व्यक्त गर्नुभएको हो ।




त्यस अवसमा उपाध्यक्षहरू अग्निप्रसाद सापकोटा र पम्फा भुसाल, पूर्वसभामुख ओनसरी घर्ती, पूर्वमन्त्री, सांसद, पार्टी नेता तथा कार्यकर्ताले उहाँप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभयो ।भोजपुरको षडानन्द नगरपीलका बोयामा लालबहादुर राई र दौलती राईको कोखबाट २०२३ पुस १५ गते जन्मनुभएका उहाँको मङ्सिर ८ गते बेलुका ५८ वर्षको उमेरमा पार्किन्सनको उपचारका क्रममा वीर अस्पताल निधन भएको थियो ।

विसं २०४६ बाट अनेरास्ववियु छैटौँबाट राजनीतिमा प्रवेश गर्नुभएका राई २०४७ सालमा स्थानीय इकाइ सदस्य हुँदै सुनसरी र मोरङ जिल्ला सदस्य, भोजपुर जिल्ला सचिव, भोजपुर-तेह्रथुम-सङ्खुवासभा इञ्चार्ज, जनमुक्ति सेनाको ब्रिगेड कमिसार तथा पार्टी केन्द्रीय सदस्य हुँदै पोलिटब्युरो सदस्यसम्मको जिम्मेवारी सम्हाल्नुभयो ।

विसं २०६३ मा अन्तरिम व्यवस्थापिका संसद् सदस्य एवं भौतिक योजना राज्यमन्त्रीसमेत हुनुभएका उहाँ विसं २०६४ को संविधानसभा निर्वाचनमा भोजपुर क्षेत्र नं १ बाट निर्वाचित हुनुभएको थियो । उहाँको निधनप्रति नेकपा (माओवादी केन्द्र)ले श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति समवेदना प्रकट गरेको गरेको छ ।

पार्टी अध्यक्ष दाहालद्वारा जारी शोक वक्तव्यमा केन्द्रीय सदस्य राईको निधनले कम्युनिष्ट आन्दोलनमा अपूरणीय क्षति पुगेको जनाउँदै आमपार्टी पङ्क्ति र जनसमुदायमा शोकलाई शक्तिमा बदल्न आह्वान गर्नुभएको छ ।रासस

# अनावश्यक खर्च कटौती गर्नुपर्छ : मुख्यमन्त्री कार्की

विराटनगर । कोसी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले अनावश्यक खर्चलाई कटौती गरेर पुँजीगत खर्च बढाउनुपर्ने बताउनुभएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले आइतबार आयोजना गरेको छलफलमा मुख्यमन्त्री कार्कीले अनावश्यक खर्च कटौती गर्दै संरचनाको बाढीलाई रोक्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय पुँजीको विकास गर्ने विषयलाई प्राथमिकता दिएर काम गर्नुपर्ने बताउँदै मुख्यमन्त्री कार्कीले त्यसका लागि पर्यटन, सूचनाप्रविधि, कृषि र निर्माण क्षेत्रमा ध्यान दिनुपर्ने उल्लेख गर्नुभयो । स्वदेशी उत्पादनलाई बढाउने र निर्यातजन्य उद्योगलाई प्रोत्साहन गर्ने नीति ल्याउँदै उहाँले प्रदेश र स्थानीय तहले गर्नसक्ने कामलाई उनीहरूको क्षमताका आधारमा केन्द्रले सहयोग गर्नुपर्ने बताउनुभयो ।

जवाफदेही र उत्तरदायित्वको अभावले पनि सुधार गर्न नसकिएको उल्लेख गर्दै मुख्यमन्त्री कार्कीले भन्नुभयो, "एकैदिनमा गर्न सकिने काम पनि लामो समयसम्म रहने प्रवृत्तिको अन्त्य गर्नु जरूरी छ ।" प्रशासनिक सुधार र राजस्व उठाउने विषयमा जवाफदेहिता र सहकार्यको मोडलबाट काम गर्न सकिएमा नतिजा आउनसक्ने मुख्यमन्त्री कार्कीले बताउनुभयो । उहाँले भन्नुभयो, "कतिपय अवस्थामा सुधारको लक्षण देखापरे पनि त्यसलाई नजरअन्दाज गरेर नकारात्मक प्रचार गर्ने प्रवृत्तिले पनि समस्या उत्पन्न हुने गरेको छ, नकारात्मक कुराहरूलाई निरूत्साहन गर्नु अहिलेको आवश्यकता हो ।रासस

**मधेश प्रदेश सरकार**

**शिक्षा तथा संस्कृति मन्त्रालय**

**जनकपुरधाम, धनुषा, नेपाल**

**प्राविधिक जनशक्ति सेवा करारमा लिने सम्बन्धी सूचना**


**सूचना प्रकाशन मितिः २०८१/०८/१०**

प्राविधिक जनशक्ति (इन्जिनियर तथा सवइन्जिनियर) सेवा करारमा लिने सम्बन्धी विज्ञापनको सूचना शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेश, जनकपुरधामको वेभसाइट www.mowcys.madhesh.gov.np मा राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**निमित्त प्रदेश सचिव**

जनकपुर टुडे





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# शैक्षिक अराजकता

मोन्टेस्क्यूले कानुन मृत्यु झैं हनु पर्ने हो जो कसैलाई पनि काखापाखा नगरोस अभिव्यक्ति दिएका थिए ।यसै भावभूमिमा नेपालले संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्वीकार गरेको देखिन्छ । संविधानले प्रत्येक नागरिकको आधारभूत शिक्षामा पहुँचको अनिवार्य व्यवस्था गरेको छ। साथै अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा सो सम्बन्धी नियमावली , २०७७ जारी भएको छ। त्यस्तै राष्ट्रिय शिक्ष नीति , २०७६ तथा पन्ध्रौं योजनाले अनिवार्य तथा निःशुल्क शिक्षालाई प्राथमिकता साथ जोड दिएका छन् । संघीय स्वरुपअनुसार स्थानीय तहलाई जिम्मेवार बनाउने प्रयासस्वरुप शैक्षिक कार्यविधिहरु कार्यान्वयनमा छन् । विद्यालयको अनुमतिदेखि शिक्षक नियुक्ति , शिक्षक तालिम , शैक्षिक व्यवस्थापन , छात्रवृत्ति वितरण , व्यवस्थापन समिति गठनलगायत सबै पक्षमा ऐन र नियमावलीले बोलेका छन् । शिक्षाका चार आदर्श शान्ति , सहिष्णुता, सदाचार र रोजगारलाई प्रभावकारी ढंगले आत्मसात गरेको अवस्था छ । यस पृष्ठभूमिमा जनकपुरधाम उपमहानगरपालिका सञ्चालित निजी विद्यालयको व्यवहारिक घरातल कमजोर , स्वेच्छाचारी भएको भन्दै आक्रोश , आन्दोलन जस्ता गतिविधिले शैक्षिक क्षेत्र अस्तव्यस्त , अराजक देखिएको छ। मूलतः अनिवार्य निशुल्क छात्रवृत्तिको विवादले जनकपुरधामको शैक्षिक प्रतिष्ठानमा ग्रहण लागेको छ ।शैक्षिक संकायमा ग्रहण लाग्नु भनेका ज्ञानको प्रकाशमा ग्रहण लाग्नु हो। निजी विद्यालयले अनिवार्य निशुल्क छात्रवृत्तिको व्यवस्थाप्रति जिम्मेवार नहुनु , शिक्षार्थीसँग स्वेच्छाचारी ढंगले आर्थिक व्ययभार गराउनु जस्ता पक्षले विद्यालय बन्द र खोल्नु पर्ने , संविधान प्रदत्त अधिकारको पालन गर्नुपर्ने जस्ता उत्तरदायित्व र जिम्मेवारीको अपेक्षाप्रति ध्यानाकर्षण गराएको छ । निजी विद्यालयका सञ्चालकहरुले नै आफ्नो विद्यालयमा तालाबन्दी गरेका छन् । सञ्चालकहरुले अनिवार्य तथा निशुल्क छात्रवृत्ति सम्बन्धी व्यवस्थाका बुँदामा असहमति जनाउँदै बन्द र द्वन्द्वको वातावरण निर्माणमा उद्यत छन् । उपमहानगरपालिकाले समस्या समाधान सन्दर्भमा पटक पटक वार्ता गरे पनि सञ्चालकहरुले आफ्नो अडान कायम नै राखेको अवस्थाले शिक्षार्थीप्रतिको जिम्मेवारीबाट टाढा हुँदै जानु विडम्बना र दुर्भाग्यपूर्ण स्थिति हो ।कमजोर अीर्थिक पृष्ठभूमि भएकालाई छात्रवृत्ति , निशुल्क वृत्तिजस्ता विद्यार्थी सहयोग कार्यक्रमलाई विस्तारको विपक्षमा उभिएर स्वच्छाचारितालाई वृद्धि र शैक्षिक मनोबललाई कमजोर बनाउने दोहोरी खेल्नु सोचनीय पक्ष हो । अन्ततः विद्यालय के का लागि ? प्रश्न पनि खडा भएको छ । ठूला महल निर्माण , उद्योगपतिको संज्ञा पाउने रहर सञ्चालकहरुमा देखा पर्नुलाई शिक्षा क्षेत्रका लागि सुखद मान्न सकिदैन । शिक्षार्थी , सञ्चालक , अभिभावक ,उपमहनगरपालिकाले गहन र संवेदनशील भइ शैक्षिक अराजकताको अन्त्य गर्नु पर्छ ।

## छैटौं एशियाली जनसंख्या सम्मेलनः

# जनसंख्या र विकासका सवाल



डा उद्धव सिग्देल

एक्काइसौं शताब्दीको सुरुआतसँगै विश्वमा जनसंख्याका अनेक समस्याहरु सतहमा देखिएका छन् । कुनैबेला जनसंख्याको तीव्र वृद्धिलाई समस्याका रुपमा लिइन्थ्यो तर अहिले प्रजनन दरमा आएको गिरावट र जनसंख्याको आकार घट्दै गएको अवस्था विश्वव्यापी रुपमा देखिएको छ। जनसंख्याका यी सङ्क्रमणको समाधानका लागि साझा धारणा बनाउने बेला विश्वमञ्चहरु उपयोग हुने गरेका छन् । जनसंख्यासँग सम्बन्धित कतिपय समस्या क्षेत्रीय चासोका छन् । तिनीहरुलाई क्षेत्रीय रुपमा बहस छलफल गरेर टुङ्गोमा पुग्ने गरिएको छ । सोही क्रममा एशियाली जनसंख्याका समस्या र तिनको समाधानका उपायहरु सुझाउन एशियाली जनसंख्या सङ्घ (एपिए) को आयोजनामा मङ्सिर १२ देखि १५ गतेसम्म काठमाडौंमा छैटौं एशियाली जनसंख्या सम्मेलन हुन गइरहेको छ।

नेपालले एउटा सौभाग्य पाएर अन्तर्राष्ट्रिय सम्मेलन गर्न लागेको छ । यसको स्थानीय आयोजक त्रिविको जनसंख्या अध्ययन केन्द्रीय विभाग (सिडिपिएस) हो। नेपालले सन् २०१४ मा राष्ट्रिय जनसंख्या सम्मेलन गरेको थियो। नेपाल सन् २०२६ सम्ममा कम विकसित राष्ट्रबाट विकसित राष्ट्रतिर जाँदैछ भने नेपालले आफूलाई प्रमाणित गर्न यो सम्मेलन वास्तवमा कोशेढुङ्गा सावित हुनेछ। यसले नेपालको जनसंख्या र विकासलाई नयाँ आयम दिन्छ भन्ने विश्वास गरिएको छ।

मूल रूपमा जनसाँख्यिक प्रक्रिया (डेमोग्राफिक प्रोसेस) का मुख्य विषयवस्तुलाई आधार मानेर त्यस प्रक्रियासँग जोडिने विषयहरु जन्म, मृत्यु र बसाइँसराइ आदिलाई समावेश गरिएको छ। यही प्रक्रियाबाट नै जनसंख्याको आकार र संरचना निर्धारण हुन्छ। समाज र संस्कृतिसँग जनसाँख्यिक प्रक्रिया (जन्म, मृत्यु र बसाइँसराइ)लाई एकीकृत गरी फराकिलो दायराबाट विकास प्रक्रियासँग जोडेर हेरियो भने समग्र विकास प्रकृयामा योगदान पुऱ्याउनेछ। आज विश्वव्यापी रूपमा नै जन्मदर घट्दै गइरहेको हुनाले र त्यसलाई बढाउन पनि नसकिने अवस्थामा पुगेको कारणले यसको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने बारेमा गहन अध्ययन अनुसन्धानको विषय बनेको छ।

यस सम्मेलनमा जनसंख्याका निर्धारक तत्व र भोलिको जनसंख्या कस्तो हुने, जनसाँख्यिक लाभको विकास प्रक्रियामा र अर्थतन्त्रसँगको सम्बन्ध कस्तो हुने भन्ने बारेका विषयमा बहस हुनेछ। विश्वव्यापी रुपमा मृत्युदर पनि घट्दै गइरहेको छ र स्वभाविक रूपमा नै वृद्धावस्थामा पुगेपछि मृत्यु त भइहाल्छ तर मानवीय गतिविधिका कारण उमेर पुग्नु अगावै हुने मृत्युहरूलाई कसरी रोक्न सकिन्छ त्यो पनि सम्मेलनको महत्वपुर्ण विषय हुनेछ। सरुवारोगबाट हुने, नसर्ने रोगबाट हुने, पछिल्लो समयमा देखापरेको कोभिड १९ को सङ्क्रमणबाट पनि मृत्युवरण गर्नुपरेको स्थिति छ । अहिलेको एउटा नयाँ दुर्घटना चोटपटकदेखि लिएर विश्वव्यापी युद्धबाट हुने मृत्यु र राज्यको तर्फबाट मारिनेहरु (डेमोसाइड) का कारणले पनि मृत्युदर बढेको अवस्था छ। मृत्युका यी विभिन्न आयामका बारेमा पनि सम्मेलनमा छलफल हुनेछन्।

बसाइँसराइ एउटा विश्वकै ठूलो मुद्दाका रुपमा देखिएको छ। तर पनि बसाँइसराइको क्रम निरन्तर चलिरहन्छ । यो आन्तरिक र बाहिर रूपमा पनि चलिरहेको हुन्छ । कतिपय अवस्थामा बसाइँसराइ एउटा समस्याका रुपमा आइरहेको छ। हिजो पहाडबाट तराईमा गएका मान्छेहरूलाई फेरि पहाडतिरै फर्काउने र पहाड पनि एउटा बसोबासका लागि आकर्षणको ठाउँ बन्ने विषयहरूतर्फ ध्यान बढाउनेतर्फ पनि बहस हुनु पर्दछ । तराईको बढ्दो जनघनत्वलाई कसरी न्यूनीकरण गर्ने भन्ने मुद्दाहरू यथावत नै रहेका छन्। यसतर्फ पनि नीतिगत वहस जरुरी देखिएको छ।

विकसित राष्ट्रहरूले पनि प्रजनन दर घट्दै गएको अवस्थालाई गम्भीरतापूर्वक हेरिनुपर्दछ। अहिलेसम्म तेस्रो विश्वका देशहरुबाट विकसित मुलुकहरुमा बसाइँसराइ गर्दा युवा जनसंख्याको सन्तुलन कायम कायम भएको थियो । तर एसियालगायतका तेस्रो विश्वमा नै जनसंख्या घट्दै जान थालेपछि विकसित देशहरुले कहाँबाट जनसंख्या आपूर्ति गर्ने ? यो पनि एउटा बहसको विषय हो । विकसित राष्ट्रहरूले जन्मदर बढाउन तीन दशकदेखि धेरै प्रयास गरे पनि सफल भएको छैन किनभने त्यो व्यक्तिगत निर्णय हो । यसमा राज्यले जति नै प्रयास गरे पनि गर्न सक्दैन त्यो अवस्था हाम्रो तीन दशकको अनुभवले पनि देखाइसकेको छ । यो समस्या नेपालमा पनि आइसकेको छ। २०७८ सालको जनगणनाले शहरी क्षेत्रमा प्रतिस्थापन तहभन्दा मुनि प्रजनन् दर देखाएको छ। कुल प्रजनन् दर २.१ भए पनि शहरी क्षेत्रमा २.० मात्र छ । त्यसले गर्दा जनसंख्याको समुचित व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा गहन रुपमा छलफल गर्नुपर्ने भएको छ। यो सम्मेलनले हामीलाई त्यो अवसर दिएको छ। राष्ट्रिय जनगणना २०७८ का नतिजाहरू विस्तृत रुपमा आउने क्रममा छन् । यो जनसंख्या सम्मेलनमा १७ वटा विषयमा छलफल हुनेछ।

एसियाली जनसंख्या सम्मेलनको विगत

पाँचौं जनसंख्या सम्मेलन इन्डोनेसियाको जाकार्तामा भएको थियो । त्यसले उठाएका मुख्य विषय विश्वव्यापी रुपमा जनसंख्याको व्यवस्थापन नै थियो । त्यस सम्मेलनले जनसंख्यालाई फरकफरक कोणबाट व्याख्या गर्नुपर्दछ भन्ने मान्यता राखेको थियो । अर्थात् जहाँ उच्च जन्म दर छ, त्यहाँ एक खालको नीति र जहाँ जनसंख्या कम छ त्यहाँ अर्को खालको नीति लिनु पर्दछ भन्ने विषयमा छलफल भएको थियो । त्यहाँ के भएको थियो भने एसिया जनसंख्या स्रोत साधनको पनि केन्द्र हो । एसियामा हरेक प्रकारको सम्भावना छ र त्यो सम्भावनाको अधिकतम प्रयोग गरेर एसियाको विकास अति नै छिटो हुन सक्छ भन्ने बुझाइ त्यो सम्मेलनको थियो। त्यसले गर्दा एसियाली देशहरुमा आफूमा भएको सामर्थ्य, स्रोत र साधनलाई बढीभन्दा बढी प्रयोग गर्दै जानेक्रम पनि बढ्यो ।

भारतमा झण्डै आठ प्रतिशतको आर्थिक वृद्धि छ । त्यो वृद्धिदरमा छ भन्नुको अर्थ भारतले त्यो सम्मेलनबाट आएको जति पनि सुझावहरु छन् विशेष गरी एसियाली देशहरूका लागि पूर्ण रुपमा स्वीकार गरेर त्यस अनुसारका कार्यहरू गऱ्यो। अर्थात् भारतले के बुझ्यो भने जनसंख्या समस्या होइन, सामर्थ्य हो। चीनमा वृद्ध जनसंख्या बढ्दै गएको र जन्मदर घट्दै गइरहेको छ। युवा जनसंख्या विस्तारै घट्ने क्रममा भएकाले चीनको आर्थिक विकासमा जनसंख्याको बदलिँदोस्वरुपले कहीं न कहीं अवरुद्ध त हुने होइन भन्ने प्रश्न उठेको छ। यो ठूलो बहस बनेको छ। त्यसले गर्दा जनसंख्यालाई विकाससँग जोडेर यसलाई एकीकृत प्रणालीमा अगाडि लिएर जानको लागि जाकर्ताको सम्मेलनले ठूलो योगदान गरेको थियो।

यस सम्मेलनबाट एसिया प्रशान्त क्षेत्र पूर्ण रूपमा लाभान्वित हुन्छ नै। त्यसको साथसाथै उत्तर अमेरिका, दक्षिण अमेरिका, अफ्रिका र युरोपसम्म सबैतिर यसको सन्देश प्रवाह हुनेछ । तर एसिया प्रशान्त क्षेत्रमा भने जनसंख्या र विकाससम्बन्धी खास मुद्दाहरु आउँछन् किनभने धेरै सहभागीहरू एसिया प्रशान्त क्षेत्रबाट प्रतिनिधित्व गर्नेछन् । उनीहरुले आफ्ना देशको मुद्दाहरू उठाउँछन्, जुन विश्वव्यापी जनसंख्या र विकास प्रवृत्तिसँग जोडिएका हुनेछन्।

> यस सम्मेलनबाट एसिया प्रशान्त क्षेत्र पूर्ण रूपमा लाभान्वित हुन्छ नै । त्यसको साथसाथै उत्तर अमेरिका, दक्षिण अमेरिका, अफ्रिका र युरोपसम्म सबैतिर यसको सन्देश प्रवाह हुनेछ । तर एसिया प्रशान्त क्षेत्रमा भने जनसंख्या र विकाससम्बन्धी खास मुद्दाहरु आउँछन् किनभने धेरै सहभागीहरु एसिया प्रशान्त क्षेत्रबाट प्रतिनिधित्व गर्नेछन् ।

सम्मेलनमा विकसित र विकासशील देशहरू जसरी आज जनसाँख्यिक रुपान्तरण भइरहेका छन्, त्यसबारेमा सबैलाई जानकारी गराउँनेछ। यो सन्देश विश्वभरमै जान्छ । अहिले जुन तथ्यहरू आएका छन्, त्यसलाई हामीले बहसमा ल्याउन र अब हामीले कुन बाटो समाउँदा हाम्रो जनसंख्याको व्यवस्थापन पनि हुन्छ र विकासमा यसले योगदान गर्नसक्छ भन्ने विषयमा आउने निष्कर्षहरु सरकारलाई जनसंख्या नीति बनाउन निकै सहयोग पुग्नेछ।

**नेपालले उठाउने विषयहरू**

अहिले नेपालको जनसंख्यामा के के कुरा स्थानान्तरण भएको छ, त्यसमा पनि बुढ्यौली जनसंख्या हाम्रो चुनौती हो । यो जनसंख्यालाई कसरी व्यवस्थापन गर्ने किनभने राज्यले बुढ्यौली जनसंख्याका लागि के कति लगानी गर्दछ ? अहिलेसम्म हामीले के सोचिरहेका छैनौं भने राज्यको कुल आयको एकदेखि तीन प्रतिशत मात्र सामाजिक सुरक्षामा खर्च गर्ने प्रचलन छ । अहिले हामी बजेटको १४ प्रतिशत खर्च गरिरहेका छौं। त्योभन्दा बढी भयो भने राज्यले थेग्न सक्दैन । त्यसले गर्दा यसका विकल्पहरू के के छन् खोज्नेबेला आएको छ। पहिलो कुरा हामी आर्थिक रुपमा सबलीकरणमा जानुपर्ने हुन्छ। आर्थिक उन्नति सबैभन्दा महत्वपूर्ण कुरा हो । किनभने भोलि हामीले दिगो रुपमा बाँच्नुपर्ने र बुढ्यौली जनसंख्याको व्यवस्थापन हाम्रो लागि सबैभन्दा ठूलो चुनौती हो। किनभने अहिले जनसंख्याले आश्रित दर घट्दै गइरहेको देखाएको छ। जस्तो बच्चाहरूको आश्रय दर त्यो त कम भएको छ।

हामीसँग अहिले युवा जनसंख्या छ । यस अवस्थामा हामीले आर्थिक विकासमा जनसंख्याको सदुपयोग र विकासको दायरा बढाउँदै जानुपर्ने हुन्छ। यही बढेको दायराबाट हामीले ज्येष्ठ नागरिकको व्यवस्थापन गर्न सक्छौं । ज्येष्ठ नागरिकले भोलिका दिनमा राजनीतिमा हस्तक्षेप गर्ने स्थिति पनि छ। यो उमेर समुहको बाहुल्यता बढ्दै गयो भने राजनीतिमा उनीहरुको 'बार्गेनिङ' बढ्छ। त्यो अवस्थामा पुगुभन्दा अगाडि नै राज्यले यसको दिगो व्यवस्थापनमा कसरी जाने भन्ने कुरो एउटा ठूलो नीतिगत बहस हो। अर्को कुरा अहिले जसले पनि नेपालबाट यति मान्छे विदेश गइरहेको छ, यो त देश नै खाली हुने हो कि ? भन्ने चिन्ता व्यक्त गर्ने गरेका छन्। सञ्चारमाध्यमले पनि यताबाट जानेहरुको हुल मात्रै देखाएको छ तर फर्किएकाहरुको देखाउँदैनन्। तर जाने र आउनेमा ठूलो अन्तर छ। यो एउटा प्रक्रिया मात्र नभएर साँच्चै नै भोलिका दिनमा युवा जनशक्ति नभएर देश विकासको गतिमा अवरुद्ध गर्छ कि भन्ने चिन्ताको विषय पनि हो। अब कस्तो बसाइँसराइको नीति बनाउने भन्नेमा यो एउटा बहसको विषय बनेको छ।

अर्को विषय जलवायु परिवर्तन र यसले मानव बसोबासमा पारेको प्रभावलाई गहन रूपमा हेर्नुपर्ने हुन्छ। जलवायु परिर्वनको कारण मानिसको तराई क्षेत्रमा बसोबास कम हुँदै जानेछ किनभने अत्याधिक गर्मी भयो भने त्यहाँ बस्न नसकिने अवस्था आउँछ। त्यो हामीले अनुभव गरेका छौं कि तीन/चार वर्षको तापक्रम हेर्ने हो भने तराई क्षेत्रको तापक्रम ह्वात्तै बढेको छ।

यो जलवायु परिवर्तनको प्रभाव हो नै । जलवायुका दृष्टिले बसोबासका उचित ठाउँ हिमाल र पहाड भएकाले तराईबाट फेरि मानिस फर्किने सम्भावना पनि छ। त्यो प्रकृयालाई पछिल्लो समयका प्रकोपहरुले पहाडी क्षेत्रमा फर्कनका लागि अवरुद्ध बनाइरहेको छ। यसमा भौगर्भिक अध्ययन गरिनुपर्ने र पहाडलाई कसरी पुनर्वासको प्रक्रियामा लिएर जान सकिन्छ भन्नेबारेमा पनि निष्कर्षमा पुग्न यो सम्मेलनले केही दिशानिर्देश गर्न सक्दछ।

तेस्रो मुद्दा भनेको जनसंख्या वितरणसँग सम्बन्धित छ। हिमाली क्षेत्रमा ३४ प्रतिशत भूगोल छ तर जहाँ जनसंख्या छ प्रतिशत मात्र छ। पहाडमा झण्डै ४२ प्रतिशत क्षेत्रफल छ, त्यसमा ४० प्रतिशत जनसंख्या छ । तराईमा २३ प्रतिशत भूगोल छ तर ५४ प्रतिशतको जनसंख्या छ । यो असन्तुलित जनसंख्याको वितरणले गर्दा आर्थिक वृद्धिदेखि लिएर उत्पादनमा अनेक चुनौतीहरु आइरहेको छ, यसमा पनि सम्मेलनमा बहस गरेर निष्कर्ष निकाल्नुपर्छ । विशेष गरेर जनसंख्या र विकास, जनसंख्या वृद्धि, जनसंख्या वितरण जस्ता विषयहरुमा सम्मेलनले दिशानिर्देशित गर्छ। अर्को कुरा लैङ्गिकताको हो। यी मुद्दाहरु जनसाँख्यिक तथ्यले समेटन सकेको छैन वा यी दुई विषयको सम्बन्ध स्थापना हुन सकेको छैन। यस विषयमा पनि सम्मेलनमा घनिभूत छलफल हुने नै छ। (लेखक त्रिवि जनसंख्या अध्ययन केन्द्रीय विभागका सहप्राध्यापक हुनुहुन्छ)

# राजनीतिक नेतृत्व, प्रशासनको दक्षता र प्रभावकारितामाथि प्रश्न

डा. बुद्धिमान श्रेष्ठ

कुनै पनि देशका नागरिकले सरकारबाट विकास निर्माण तथा सेवा-सुविधाको प्रवाह अपेक्षा गरेका हुन्छन् । यी काम गर्न विभिन्न देशले आ-आफ्नै किसिमको शासन प्रणाली अवलम्बन गरेका छन् । सरकारको काम सुमधुर रुपमा सञ्चालन गर्न देशको शासन प्रणाली अनुसार संगठनात्मक संरचना निर्माण गरिएको हुन्छ।

अहिले हामीकहाँ विश्वमा अवलम्बन गरिएकामध्ये उच्चतम संघीयतामा आधारित तीन तहका सरकार छन्। तीन तहले आ-आफ्नो तहबाट गौरवका आयोजना सञ्चालन गरिरहेका छन् । यी कति आवश्यक, कति औचित्यपूर्ण, किन गौरवको आयोजना भन्ने कुनै विश्लेषण गरिएको छैन । कुनै आयोजनालाई किन गौरवको भनिएको, अर्कोलाई किन नभनिएको ? नेतृत्व यसमै स्पष्ट छैन। मन लाग्यो, घोषणा गरे, सकियो।

गौरवका सबै आयोजना लथालिंग अवस्थामा छन् । खर्बको आयोजनालाई करोडमा बजेट दिइएको छ। गौरवको आयोजना राज्यका लागि यस कारण लाभदायक हो भनेर स्पष्ट हुनुपर्ने हो । कुनै व्यक्ति वा नेतालाई लागेको भरमा गौरवको आयोजना हुँदैन। यहाँ बजेटजस्तो महत्त्वपूर्ण विषय अनुमानित प्रक्रियाबाट अगाडि बढ्छ, समस्या यो पनि हो।

तीन तहले आ-आफ्नो तहबाट गौरवका आयोजना सञ्चालन गरिरहेका छन्। यी कति आवश्यक, कति औचित्यपूर्ण, किन गौरवको आयोजना भन्ने कुनै विश्लेषण गरिएको छैन । कुनै आयोजनालाई किन गौरवको भनिएको, अर्कोलाई किन नभनिएको ? नेतृत्व यसमै स्पष्ट छैन। मन लाग्यो, घोषणा गरे, सकियो।

विकासका आयोजना कति चाहिने, कुन-कुन चाहिने हो ? कसलाई प्राथमिकता दिनुपर्ने हो । त्यसको पनि निर्धारण हुँदैन। करोड-करोडका भ्युटावर वर्ष दिनमै सकिन्छ, तर त्यही निकायले हेरिरहेको पुल वर्षौं बित्दा सकिँदैन। कुन आयोजना आर्थिक रुपमा कति फाइदाजनक भन्ने पनि हेरिँदैन। कतिपय विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय प्रभाव मूल्यांकन लगायत प्रतिवेदन त्रुटिपूर्ण छन्। यसले हाम्रो राजनीतिक नेतृत्व, प्रशासनको दक्षता र प्रभावकारितामाथि प्रश्न उठाएको छ।

काम अघि बढ्न नसकेको आयोजनामा सम्बन्धित व्यक्तिको भनाइ हुन्छ, पैसा नभएर काम भएन। काम नहुनुमा केही पक्ष जोडिएका हुन्छन्, उनीहरु सबैका कुरा झट्ट सुन्दा ठिकै लाग्छन् । सबै कुराको अनुसन्धान भएर काम अगाडि बढेको भए समस्या आउने थिएन।




स्थानीयले आयोजनाको विरोध गरे भन्ने कुरा पनि आउँछ । विकास त उनीहरुलाई पनि चाहिएको छ । तर उनीहरुको चित्त नबुझाइ आयोजना अगाडि बढाइयो।

**राजनीति र प्रशासन**

जनताले विश्वास गर्ने वातावरण बनाएर सरकारले विकास निर्माण लगायत काम गर्नुपर्ने हुन्छ। शिक्षा, स्वास्थ्य, रोजगारी, सुरक्षा लगायत आधारभूत सेवा-सुविधा दिएर सरकारले जनताको विश्वास जित्ने हो । यिनै सेवा-सुविधा पाउन नागरिकले सरकारलाई कर तिरेका हुन्छन्। अतः विकास निर्माण तथा सेवा प्रवाह लगायत कामका लागि सरकारले गर्ने खर्च पारदर्शी हुनुपर्छ।

दोस्रो विश्व युद्धपश्चात् जनचेतनामा भएको वृद्धिले सरकार र जनताबिचको सम्बन्ध तथा विश्वास बढाउन विश्वका प्रायः सबै देशले किन्सले प्रतिपादन गरेको पूर्तिमा आधारित सिद्धान्तका अलावा मागमा आधारित सिद्धान्तको अवलम्बन गरे । विश्वमा शासनको नाम र प्रणाली जेसुकै दिइएको भए पनि यी सिद्धान्तले शासन व्यवस्थालाई लोकतान्त्रीकरण गऱ्यो।

विश्वका अधिकांश देशले कसरी विकासको गतिमा तीव्रता दिन सफल भए भनी खोज्ने हो भने पारदर्शिता प्रमुख रूपमा आउँछ। हामीकहाँ एकीकरणपछिको अधिकांश समय सत्ताको चलखेलमा गुज्रेको देखिन्छ। यसले गर्दा त्यतिबेला सरकार र जनता बिचको विश्वासको सम्बन्ध कसिलो हुन सकेन।

वर्तमान विश्वमा बलियो राष्ट्रको मुख्य आधार भनेकै जनताको हितमा हुने विकास हो। विश्वका अन्य मुलुक कहाँबाट कहाँ पुगिसके, हामी भने हाम्रा स्रोत-साधनको प्रभावकारी परिचालन गर्न नसकी अलमलिएका छौं। यो सबै किन भइरहेको छ भन्दा हाम्रो राज्य सञ्चालनको जिम्मा पाएकाहरूले आदर्श पक्ष र विधिको शासनलाई सही तरिकाले अवलम्बन गर्न सकेनन्।

राज्य सञ्चालनका मुख्य तीन आयाम हुन्छन्– राजनीति, अर्थशास्त्र र प्रशासन । राजनीतिकर्मीमा हुनुपर्ने पहिलो ज्ञान दूरदर्शिता हो। यस्तै, आर्थिक र प्रशासनिक पक्षको सञ्चालन गर्ने प्रशासकले विधिको शासनको पालना गर्नुपर्छ । अर्थात् राजनीतिकर्मीले दिशानिर्देश गर्न सक्नुपर्छ भने प्रशासकले दक्ष र प्रभावकारी विधि अवलम्बन गर्नुपर्दछ।

विकास र सेवा प्रवाहमा राजनीतिकर्मीको सोचमा विचलन हुँदा विकास आयोजनाको छनोट सही हुँदैन। त्यसैले कार्यान्वयनमा अस्थिरता उत्पन्न भई लक्ष्यमा पुग्न सकेको पाइँदैन। प्रशासकमा विचलन हुँदा आयोजनाको तर्जुमा र कार्यान्वयन विधि सही हुँदैन र आयोजना समयमा सम्पन्न हुन सकेको छैन।

राज्य सञ्चालनका लागि बनाइएको संगठनात्मक संरचना र प्रक्रिया सामाजिक विज्ञानमा आधारित हुन्छ । सरकारी संरचनालाई प्रतिफलमुखी बनाउनका लागि मौलिक र वैज्ञानिक अनुसन्धान नियमित हुन जरुरी छ। यसका लागि मिश्रित अनुसन्धान विधि उपयुक्त मानिन्छ।

अनुसन्धानको निष्कर्ष अनुसार राजनीतिकर्मीले आचरण प्रदर्शन गरी विधि निर्माण गर्न सक्नुपर्दछ भने प्रशासकले विधि अनुसार कार्यान्वयन गर्न सक्नुपर्दछ। यसमा राजनीतिक नेतृत्व र प्रशासकबिच छुट्टाछुट्टै सहसम्बन्ध हुन जरुरी छ। यसका साथै निर्णय प्रक्रियामा राजनीतिक नेतृत्व दृढ हुनुपर्छ भने त्यसलाई कार्यान्वयन गर्ने क्षमता प्रशासकमा हुनुपर्छ। नेपालमा यी दुवै पक्षले वाञ्छित गतिमा काम गर्न सकेको पाइँदैन।

**मौलिक अनुसन्धानको अभाव**

यहाँ अरु देशको उदाहरण हेर्दा प्रशासनिक कामको प्रक्रिया सन्दर्भअनुसार फरक हुन्छन् । अर्थात् समाज, क्षेत्र वा देश अनुसार फरक हुन्छन्। त्यसैले कुनै एक देश वा समाजमा सफल भएको प्रक्रिया अपनाएर अर्को देशमा पनि त्यस्तै गर्न खोज्नु मूर्खता हुन्छ । राजनीतिक र प्रशासनिक प्रक्रियाबाट समाजका हरेक गतिविधि अगाडि बढाउनका लागि सबै कुरा हेरेर निर्णय गर्नुपर्छ। यसका लागि पहिलो कुरा मौलिक अनुसन्धान आवश्यक हुन्छ । वास्तवमा नेपालमा वस्तुनिष्ठ स्वतन्त्र अनुसन्धान भएकै पाइँदैन । काम गरिरहेका प्रशासक आफैं विज्ञ ठहरिन्छन्। आफैंले सबै कुरा निर्धारण गर्छन्। बाहिरी पक्षले देखेको कतिपय कुरा आफैंले देखिँदैन । अनुसन्धानका आधारभूत कुराको परिपालना नहुँदा काम कसरी हुन्छ ? हुँदैन। यो एक मुख्य समस्या हो।

एउटा सरकार आउँछ एउटा आयोजना घोषणा गर्छ, अर्को आउँछ अर्को आयोजना घोषण गर्छ। यस्तो प्रवृत्तिले हुँदैन। राज्यले विकास निर्माणप्रति संस्थागत संस्कृतिको चरित्र विकास नगर्दासम्म विकास सम्भव छैन।

कुनै पनि आयोजनाका लागि दुई कुरा चाहिन्छ– 'फिलोसोफिकल फाउन्डेसन' अर्थात् दार्शनिक जग र मेथड अर्थात् विधि । आयोजना किन आवश्यक भयो, त्यसको लागत के कति हो ? त्यसको समयावधि कति ? सञ्चालन कसरी गर्न सकिन्छ ? यसको जवाफ अनुसन्धानबाट प्राप्त गरिसकेपछि काम अगाडि बढाउनुपर्छ।

हामीकहाँ यस्ता केही आधारभूत तत्त्वको ख्याल नगरी वा अनुसन्धान नगरी आयोजना थालिन्छ र बजेट नहुने, स्थानीयले अवरोध गर्ने, ठेकदार भाग्ने जस्ता समस्या निम्तिन्छन्।

**साझा सोचको अभाव**

हामीकहाँ अर्को ठुलो समस्या भनेको राजनीतिक नेतृत्वमा विकास निर्माणप्रति साझा लक्ष्य छैन। यसलाई बुझाउन एउटा सजिलो उदाहरण राख्छु।

कुनै पनि गाडी गुड्नका लागि उसका सबै पाटपुर्जा सही र यथा स्थानमा हुनुपर्छ । तोकिए अनुसारका संरचना हुनुपर्छ । चारवटा टायर फरक-फरक डिजाइन र आकारका भए भने त्यसले काम दिँदैन । हाम्रो राजनीतिक नेतृत्वको विकासप्रतिको बुझाइमा यहींनेर समस्या छ । एउटा आउँछ एउटा टायर बनाउँछ, अर्को आउँछ अर्को टायर बनाउँछ। यसरी डिजाइन र आकार-प्रकार फरक भई गाडी गुड्न सक्दैन।

यसकारण भनिएको हो, विकास निर्माणका आयोजनाप्रति हरेक नेता र दलको साझा सोच र लक्ष्य निर्धारण हुनुपर्छ। व्यक्तिगत होइन, संस्थागत संस्कृतिको विकास हुनुपर्छ। कानुन भनेका नतिजा दिनका लागि बनाइएको यन्त्र हो । राजनीतिक र प्रशासनिक नेतृत्व प्रक्रियामा नअल्झिएर संस्थागत हुनुपऱ्यो। संस्थागत हुनु भनेको अघिल्लो सरकार वा नेतृत्वले गरेको निर्णय पछि आउनेले निरन्तरता दिने हो र सबैले त्यसको स्वामित्व लिने हो।

# भारतीय स्थल सेनाध्यक्ष उपेन्द्र द्विवेदी स्वदेश फिर्ता



काठमाण्डु । भारतका स्थल सेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदी तथा श्रीमती सुनिता द्विवेदी नेपालका पाँच दिवसीय औपचारिक भ्रमण पूरा गरी आइतबार स्वदेश फिर्ता हुनुभएको छ।

उहाँलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाली सेनाको युद्धकार्य विभागका विभागीय प्रमुख उपरथी प्रेमध्वज अधिकारी र उहाँकी धर्मपत्नीले बिदाइ गर्नुभएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल भ्रमणका क्रममा जनरल द्विवेदीलाई नेपाली सेनाको मानार्थ महारथीको दर्जाबाट सुशोभित गर्नुभएको थियो।

प्रधान सेनापति अशोकराज सिग्देलको औपचारिक निमन्त्रणामा आउनुभएका जनरल द्विवेदीले प्रधानमन्त्री, रक्षामन्त्री र प्रधानसेनापतिसँग बेग्लाबेग्लै शिष्टाचार भेट गर्नुभएको थियो। उहाँले शिवपुरीस्थित सैनिक कमान्ड तथा स्टाफ कलेज र पोखरास्थित पश्चिम पृतना हेडक्वाटरको भ्रमणका साथै मुस्ताङस्थित मुक्तिनाथ मन्दिरको दर्शन र माउन्टेन फ्लाइटमार्फत विभिन्न हिमालको अवलोकनसमेत गर्नुभयो।

यस भ्रमणले दुई देशबीच रहँदै आएको सौहार्द्रपूर्ण सैनिक सम्बन्धलाई अझ सुमधुर एवं प्रगाढ पार्न मद्दत पुग्ने नेपाली सेनाले विश्वास लिएको जनाएको छ।रासस

## चिकित्सा शिक्षा आयोगको बैठक :

# पिजीको विवाद मिलाउन प्रधानमन्त्रीको निर्देशन

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले मेडिकल कलेजमा आवासीय चिकित्सक-स्नातकोत्तर तह (पिजी) को सुविधासम्बन्धी विवाद आपसी छलफलबाट मिलाउन सम्बन्धित मन्त्रालय र निकायलाई निर्देशन दिनुभएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार भएको चिकित्सा शिक्षा आयोगको १५औँ बैठकमा आयोगका अध्यक्ष प्रधानमन्त्री ओलीले निजी र सरकारी दुवै क्षेत्रका सरोकारवाला पक्षलाई सामेल गरेर समाधान खोज्न शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई, स्वास्थ्य तथा जनसत्र्यामन्त्री प्रदीप पौडेल र आयोगका उपाध्यक्ष प्रा डा अञ्जनीकुमार झालगायतलाई सो निर्देशन दिनुभएको हो।



निजी कलेजका आवासीय चिकित्सकलाई पनि आठौँ तहको सरकारी सरह मासिक रु ४८ हजार सुविधा कायमका लागि सहजीकरण गरिदिन भनी स्वास्थ्य तथा जनसत्र्या मन्त्रालयको पत्रका आधारमा यही मङ्सिर ११ गतेभित्र स्वमूल्याङ्कन फाराम भर्न आयोगले सूचना प्रकाशन गरेको थियो। प्रधानमन्त्री ओलीले हाल आवासीय चिकित्सकलाई जति सुविधा दिन सकिन्छ त्यति उल्लेख गरेर आयोगमा स्वमूल्याङ्कन फाराम आग्रह गर्दै समझदारीका साथ निचोडमा पुग्दा निजी मेडिकल कलेजको घाटा नाफाको पनि अध्ययन गर्न आग्रह गर्नुभयो।

बैठकमा एशोसिएसन अफ मेडिकल एण्ड डेन्टल कलेज अफ नेपालका अध्यक्ष डा ज्ञानेन्द्रमानसिंह कार्कीले पिजीका विद्यार्थीलाई सरकारी मेडिकल अधिकृतको तलबसरह निर्वाह भत्ता उपलब्ध गराउन भनेर आयोगले एकपक्षीय निर्णय गर्न नसक्ने भन्दै निकास दिन प्रधानमन्त्री ओलीलाई आग्रह गर्नुभएको थियो।आयोगको जारी बैठकमा गत आर्थिक वर्षको प्रगति विवरण, चालु आर्थिक वर्षको बजेट र कार्यक्रममा नीतिगत संशोधन, प्राविधिक तथा व्यावसायिक शिक्षातर्फको आशयपत्र र सम्बन्धन, स्वामित्व हस्तान्तरण, छात्रवृत्तिलगायत कार्यसूची रहेका छन्। रासस

# मृत्युपश्चात् मानव अङ्ग दान गर्ने परिवारलाई रु दुई लाख



काठमाण्डु। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मृत्युपश्चात् मानव अङ्ग दान गर्ने परिवारलाई रु दुई लाख दिने निर्णय गरेको छ।

यसअघि भक्तपुरस्थित मानव अङ्ग प्रत्यारोपण केन्द्रमार्फत रु एक लाख दिने गरिएकामा स्वास्थ्यमन्त्री प्रदीप पौडेलले दाताका परिवारलाई रु एक लाख थप गरी रु दुई लाख उपलब्ध गराउने निर्णय गर्नुभएको हो। अङ्ग दानमा सघाउने अस्पताललाई यसअघि दिने गरिएको रु ५० हजारमा मन्त्रालयले रु २५ हजार थप गरेर रु ७५ हजार पुर्‍याएको छ। उक्त निर्णय कार्यान्वयनमा अर्थ मन्त्रालयले आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नेगरी सहमति दिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

स्वास्थ्यमन्त्री पौडेल स्वयंले पनि यसअघि मृत्युपश्चात् अङ्ग दान गर्ने घोषणा गरिसक्नुभएको छ। देशभर हरेक वर्ष मृगौला प्राप्तिका लागि एक हजार र कलेजो प्राप्तिका लागि ५५ जनाले मानव अङ्ग प्रत्यारोपण केन्द्रमा नाम लेखाउने गरेका केन्द्रले जनाएको छ।विद्यमान कानुनी व्यवस्थाअनुसार जीवित रगतको नाता पर्ने बाहेकले अङ्गदान गर्न पाउँदैनन्। मृत्युपश्चात् भने अङ्ग दान गर्न पाउने व्यवस्था छ। मृत्यु भएको २४ घण्टाभित्र दिन सकिने अङ्ग अरू जीवित व्यक्तिलाई प्रत्यारोपण गर्न सकिन्छ।

हाल भक्तपुरको सहिद धर्मभक्त मानव अङ्ग प्रत्यारोपण केन्द्रले देशमा बर्सेनि दुई सय मृगौला तथा २० जनाको कलेजो प्रत्यारोपण गर्दै आएको छ। यो कूल अङ्ग प्रत्यारोपणको झण्डै ७० प्रतिशत हो। वीर अस्पताल, त्रिवि शिक्षण अस्पतालसँगै केही निजी अस्पतालले समेत अङ्ग प्रत्यारोपण गर्दै आइरहेका छन्।

मानव अङ्ग प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा पुकारचन्द्र श्रेष्ठले स्वास्थ्यमन्त्री पौडेलको यो निर्णय सकरात्मक रहेको बताउनुभयो। "एक वर्षमा हजारौँ मानवको मष्तिष्क मृत्यु हुन्छ। एक जनाबाट आठ वटा अङ्ग प्राप्त हुन्छ। जनचेतनाको अभाव, अस्पतालसम्मको पहुँच नहुनुलगायत विभिन्न कारणले दान दिने परिवार कम छन्। अङ्ग दानले कसैको ज्यान बच्नुका साथै आर्थिक सहायता पनि हुन्छ", उहाँले रासससँग भन्नुभयो।

केन्द्रका अनुसार हालसम्म पाँचजना मष्तिष्क मृत्यु भएकाबाट १० वटा मिर्गौला र तीन वटा कलेजो प्रत्यारोपण गरिएको छ। यथाशीघ्र मुटु र फोक्सो प्रत्यारोपणको पनि तयारी भइरहेको डा श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार हाल एक हजार बढी मृगौला तथा ५५ जना कलेजोका दाता प्राप्तिको प्रतिक्षामा छन्। सरकारले मानव अङ्ग प्रत्यारोपण नियमावली, २०७३ जारी गरी मस्तिष्क मृत्यु (ब्रेनडेथ) भएका व्यक्तिको अङ्ग झिकी जीवित व्यक्तिमा प्रत्यारोपण गर्नसक्ने व्यवस्था गरेको छ।रासस

# कारागार र हिरासत कक्ष सुधार गर्नुपर्ने सुझाव

लुम्बिनी । लुम्बिनी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले प्रदेशभित्रका काराकार तथा प्रहरी हिरासत कक्षको अनुगमन सुरु गरेको छ। मुख्य न्यायाधिवक्ता यमलाल खनालको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलले पहिलो चरणमा दाङ, अर्घाखाँची, गुल्मी र पाल्पामा रहेका जिल्ला कारागार तथा जिल्ला प्रहरी कार्यालयमा रहेको हिरासत कक्षको अनुगमन गरेको हो।

अनुगमनपछि खनाल नेतृत्वको प्रतिनिधिमण्डलले कारागार प्रशासन, सुरक्षाकर्मी र हिरासत तथा थुनुवासँग छलफल गरी कारागार तथा हिरासत कक्षलाई थप सुधार गर्दै मानव अधिकार संरक्षणमा ध्यान दिन कारागार प्रशासनलाई निर्देशन दिएको छ। साथै अनुशासन तथा सकारात्मक आचारणका लागि कैदीबन्दीलाई मनोसामाजिक परामर्श पनि प्रदान गरिएको छ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका सर्तसम्बन्धी ऐन, २०७५ मा प्रदेशभित्रका हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरीक्षण गरी थुनुवा उपर मानवोचित व्यवहार नभएको भए मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने प्रावधान रहेको छ। सोही ऐनले तोकेको जिम्मेवारी अनुसार कारागार तथा प्रहरी हिरासत कक्षको अनुगमन गरिएको अनुगमन टोलीका संयोजक मुख्यन्यायाधिवक्ता खनालले बताउनुभयो। अनुगमनका क्रममा भौतिक संरचना पुरानो, जीर्ण तथा क्षमता भन्दा बढी कैदीबन्दी बस्नुपर्दा समस्या देखिएको अनुगमन टोलीले जनाएको छ। गुल्मी जिल्लाको कारागार पुरानो भइसकेकाले त्यहाँको संरचना फेर्नुपर्ने सुझाव दिएको खनालले बताउनुभयो।

प्रदेश सरकारले यस अघि विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) बनाएको बताउँदै सोही आधारमा बजेट व्यवस्थापन गरी सम्बोधन गर्नुपर्ने उहाँले उल्लेख गर्नुभयो। यस्तै दाङको घोराही र तुलसीपुरमा रहेको कारागारको भौतिक पूर्वाधार राम्रो अवस्थामा रहेको अनुगमन टोलीले जनाएको छ। कारागारमा हस्तकलाका सीप सिकाउँदा सजाय भुक्तान गरिसकेर घर फर्किंदा समाजमा पुनःस्थापना हुन सहज हुने भएकाले उपयोगी सीप हस्तान्तरणका लागि जोड दिइएको मुख्यन्यायाधिवक्ता खनालले बताउनुभयो।

घोराही र तुलसीपुर दुईवटा कारागारमा सबैभन्दा बढी नौ सय ९६ कैदीबन्दी रहेका छन्। पाल्पामा दुई सय ६४, गुल्मीमा एक सय छ, अर्घाखाँचीमा ८४ जना कैदीबन्दी छन्। अनुगमन टोलीमा मुख्य न्यायाधिवक्ता खनालसहित उपन्यायाधिवक्ता डा सूर्यप्रसाद पौडेल, लेखा अधिकृत दुर्गाप्रसाद पौडेल, वरिष्ठ प्रशासन सहायक वीरेन्द्रकुमार दास, मधु खनाललगायत सहभागी हुनुहुन्थ्यो। रासस

# भ्रष्टाचार नियन्त्रणका लागि खबरदारी गरौँ : मुख्यमन्त्री आचार्य

अर्घाखाँची । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारले जारी गरेको आचारसंहिता र निर्देशन कार्यान्वयन भए नभएकाबारेमा नागरिकस्तरबाट खबरदारी गर्नुपर्ने बताउनुभएको छ।

भ्रष्टाचारविरुद्धको स्वतन्त्र नागरिक समाज मञ्च प्युठानको प्रतिनिधिमण्डलसँग मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका देउखुरीमा आइतबार भएको छलफलमा मुख्यमन्त्री आचार्यले भ्रष्टाचार निवारण गर्न प्रदेश सरकार दृढ रहेको बताउनुभएको हो।



प्रदेश सरकाले भ्रष्टाचार नियन्त्रण गर्न पाँच वर्षे रणनीतिक योजना कार्यान्वयनमा लगेको, मुख्यमन्त्री तथा मन्त्रीहरुलाई आचारसंहिता लागु गरेको, मन्त्रालय र निकायका लागि जारी १४ बुँदे निर्देशन जारी गरिसकेको छ। उहाँले नागरिक तहमा बढ्दो निराशालाई आशामा बदल्नेगरी सरकारले योजनाबद्ध काम अघि बढाएको र त्यसको सफल कार्यान्वयनका लागि नागरिक तहको साथ आवश्यक परेको बताउनुभयो। "भ्रष्टाचार निवारण गर्ने काम सरकारको एकल प्रयासले मात्रै सम्भव हुँदैन, त्यसमा नागरिकको खबरदारी जरुरी पर्छ", उहाँले भन्नुभयो, "म मुख्यमन्त्री भएर पहिलो निर्णय भ्रष्टाचार निवारण गर्न पाँच वर्षे रणनीतिक योजना बनाउने प्रस्ताव स्वीकृत गरेको थिएँ, पाँच वर्षभित्र भ्रष्टाचार निवारणका लागि प्रदेश सरकारले रणनीतिक योजना बनाइसकेको छ, सरकारले बनाएका योजना कार्यान्वयन गर्न नागरिक सहभागिता जरुरी छ।"

मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले योजना कार्यान्वयनमा देखिएको बेथिति नियन्त्रण गर्न रु पाँच लाखभन्दा माथिका योजना प्रतिस्पर्धाबाट कार्यान्वयन गरेको, जसबाट योजना कार्यान्वयनमा हुने चलखेल रोकिने अवस्थामा पुगेकोसमेत बताउनुभयो।

भ्रष्टाचारविरुद्धको स्वतन्त्र नागरिक मञ्च प्युठानका संयोजक कर्णध्वज केसीको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलले मुख्यमन्त्री आचार्यलाई ज्ञापनपत्र बुझाउँदै भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न अनुरोध गरेको छ। सेवाको नाममा घुस र विकासको नाममा भ्रष्टाचार हुने गरेको भन्दै त्यसलाई रोक्नेगरी उच्चस्तरीय अनुगमन संयन्त्र बनाउन जोड दिइएको छ।

भ्रष्टाचार नियन्त्रणका लागि लागू भएको पाँच वर्षे रणनीतिक योजनामा मुख्यमन्त्री कार्यालयमा उच्चस्तरीय अनुगमन संयन्त्र बनाउने प्रावधान समेटेको छ।

भ्रष्टाचारविरुद्धको स्वतन्त्र नागरिक मञ्चका सदस्य ओमभक्त पण्डितले भ्रष्टाचार नियन्त्रण गर्न सरकारले थाल्ने अभियान प्रभावकारी बनाउन जरुरी रहेको, नागरिक तहबाट प्राप्त गुनासाहरुको सम्बोधन छिटोछरितो हुनुपर्ने बताउनुभयो।

साथै सो प्रतिनिधिमण्डलले प्युठानमा दुई चिस्यान केन्द्र बनेको तर, प्रयोगमा आउन नसकेका बारेमा मुख्यमन्त्री आचार्यलाई जानकारी गराएको छ। मुख्यमन्त्री आचार्यले कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री र सचिवसँग यसबारेमा आफूले जानकारी लिने तथा प्रयोगका लागि उपयुक्त विकल्प छानिने प्रतिबद्धता जनाउनुभयो।रासस


## नापी कार्यालय, जनकपुरधाम, धनुषा

### २१ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशन मिति : २०८१/०७/२९**

जि.ध.साबिक गा.वि.स. सोहनी मुजेलिया वार्ड नं. ४ क कित्ता नं. ३०९ ज.वि. १-६-१२ मध्ये गाउबल्क भित्रको स्ववासी जग्गा जनकपुर वार्ड नं. १४ को सिट नं. १२७५-०३ को किता नं. ७५ ऐ ऐ किताको घर जग्गा देहायका व्यक्तिले परापुर्वकाल देखि दर्ता तिरो केही नभई मेरो स्ववासी जग्गा दर्ता गरी पाउ भनि दाबी गरेको हुँदा जग्गा नाप जाँच ऐन २०१९ को दफा ६ को उपदफा ५ बमोजिम सूचना प्रकाशित गरिएको छ। सो उपर कसैको हकभोग भए वा उक्त जग्गा ऐलानी, सार्वजनिक, वन क्षेत्र वा गुठी अधिनस्थ जग्गा भए यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यस कार्यालयमा आफै वा रितपर्वुक वारिस पठाई स-प्रमाण उजुर गर्नु होला अन्यथा निम्न उल्लेख भएका जग्गा निवेदकको नाममा जग्गा नाप जाँच ऐन २०१९ को दफा ६ को उपदफा ५ गाउब्लक क्षेत्रको नाप जाँच सम्बन्धी निर्देशिका २०७७ को दफा २ को परिभाषा (घ) बमोजिम र दफा ७ को (ग) बमोजिम स्ववासीमा दर्ता भई जाने व्यहोरा समेतको सूचना प्रकाशित गरिएको छ।

| जग्गाधनीको नाम थर र वतन | जग्गाधनीको बाबु, बाजेको नाम | मोहीको नाम, थर र वतन | वडा नं./ सिट नं. | कित्ता नं. | क्षेत्रफल | किसिम | जग्गाधनीको हक हिस्सा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| नाम :- खाली | | | १४/१२७५-०३ | ७५ | ०-०-२-३ | घरवारी | | फिल्ड बुकको कैफियत महलमा राम प्रसाद ठाकुर सोनारको नाम लेखिएको। |



## Invitation for Bids

## Madhesh Institute of Health Sciences

## Janakpurdham, Dhanusha

**Date of publication: 25 November 2024**

1. Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha invites electronic bids from eligible bidders for the construction of below mention works under National Competitive Bidding – Single Stage Single Envelope Bidding procedures.
2. Eligible Bidders may obtain further information from PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3000/- in the Project's Rajaswa (revenue) account as specified below .

   **Information to deposit the cost of bidding document in Bank**:

   **Name of the Bank**: Rastriya Banijya Bank Ltd, Janakpurdham, Dhanusha

   **Name of Office :** Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha

   **Office Code no. :** 3700017022

   **Office Rajaswa Account no.:** 1220100026496001

   **Rajaswa (revenue) Shirshak no.:** 14229

   **Dharauti Khata No.:** 1220100026497001
4. Pre-bid meeting shall be held at the Madhesh Institute of Health Sciences Janakpurdham, Dhanusha at 01:00 PM on 13 December 2024
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 25 December 2024. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 01:00 PM on 25 December 2024 at the office of The Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of amount mention below in the table, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. Total 120 days)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| S N | IFB No. | IFB/Contract Name | Cost Estimate (Exclusive of VAT and Contingencies) | Bid Fee (NRs) | Bid Security (NRS) |
|---|---|---|---|---|---|
| 1 | MIHS/NCB/ WORKS/2081-82/03 | Manimandapko jaggako chaarai tira parkhaal nirmanko karya, Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha. | 7132988.44/- | 3000/- | 200000/- |

# भीषण इजरेली हमलामा मध्य बेइरुतमा आठ तले भवन ध्वस्त

बीबीसी

काठमाण्डु । इजरेलले गरेको एउटा भीषण आक्रमणमा लेबननको राजधानी बेइरुतको मध्य भागमा अवस्थित एउटा आवासीय भवन पूर्ण रूपमा क्षतिग्रस्त भएको छ।



लेबननको स्वास्थ्य मन्त्रालयका अनुसार कम्तिमा ११ जना मानिसहरू मारिएका छन् भने ६० भन्दा धेरै घाइते भएका छन्।आठ तले उक्त भवन बढी जनघनत्व रहेको राजधानीको बास्ता जिल्लामा अवस्थित रहेको लेबननको राष्ट्रिय समाचार समितिले जनाएको छ। स्थानीय समय अनुसार ४ बजे सो हमला भएको थियो जसका कारण सो सहर नै हल्लिएको थियो।इजरेली सेनाले घटनाबारे तत्काल कुनै प्रतिक्रिया जनाएको छैन।

पछिल्लो हमलाबारे के विवरण आएका छन्?

आपत्कालीन उद्धारकर्ताहरू बास्ता पुग्दा विशाल खाल्डोबाट धुवाँको मुस्लो उडिरहेको दृश्य देखेका थिए। उक्त स्थानबाट भग्नावशेष हटाउने कार्य अझै जारी रहेको लेबननको स्वास्थ्य मन्त्रालयले जनाएको छाइजरेलले मध्य बेइरुतमा यसै साताभित्र गरेको यो चौथो हमला हो।

भग्नावशेष हटाउने काम जारी रहँदा मृतकको सङ्ख्या अझै बढ्नसक्ने ठानिएको छ। स्वास्थ्य मन्त्रालयले पीडितहरूको पहिचान गर्नका लागि डीएनए जाँच गरिने जनाएका छन्।स्थानीय बासिन्दा निमार जरारियाले उनी र उनको परिवार सुतिरहेको बेला सबेरै सो हमला भएको बताए।उनले भने, “हामी गहिरो निद्रामा थियौँ र त्यही बेला नै हमला भयो र त्यसपछि दोस्रो हमला भयो। हामीलाई के भइरहेको थियो थाहा भएन।”

“त्यहाँ धुलो र क्षतविक्षत घर थियो, मानिसहरू भागिरहेका थिए र कराइरहेका थिए। मेरी श्रीमती र छोरी अस्पतालमा नै छन्। काकी अस्पतालमा नै हुनुहुन्छ।”सोमबार इरानको समर्थन पाएको हिज्बुल्लाहले आफ्ना प्रवक्ता मोहम्मद अफिफ एउटा हवाई हमलामा मारिएको जनाएको थियो। शनिवार सबेरैको उक्त हमलापछि पनि थप आक्रमणहरू पनि गरिएका थिए। इजरेलको डिफेन्स फोर्स (आईडीएफ)ले दक्षिण बेइरुतको ‘हिज्बुल्लाह केन्द्र र स्वार्थ’ क्षेत्र नजिकै बसिरहेका मानिसहरूलाई उक्त स्थान खाली गर्न भनेको थियो।

एक घण्टापछि नै लडाकू विमानहरूले कैयौँ निशानाहरूमा आक्रमण गरेका थिए र आईडीएफले त्यसमा ‘हतियार भण्डारण गर्ने गोदाम’ पनि रहेका जनाएको छ। हालैका महिनाहरूमा इजरेली आक्रमणहरूमा बेइरुतमा कैयौँ वरिष्ठ हिज्बुल्लाह नेताहरूले ज्यान गुमाएका छन्। मारिनेमा उक्त समूहका नेता हसन नसरुल्लाह पनि पर्छन्।

इजरेलीडिफेन्सफोर्सलेगएको सेप्टेम्बरमा हिज्बुल्लाहमाथि ठूलो स्तरको आक्रमण गरेको थियो। त्यसक्रममा उसले हवाई हमलाहरू गरेको थियो भने दक्षिण लेबननमा फौजहरू पनि पठाएको थियो।हिज्बुल्लाहले दक्षिण इजरेलमा गएको वर्षको अक्टोबर ७ मा हमला गर्ने प्यालेस्टिनी समूह हमासप्रति ऐक्यबद्धता जनाउँदै श्रृङ्खलाबद्ध रकेट हमला गरेपछि द्वन्द्व थप चर्किएको थियो।

हिज्बुल्लाह विरुद्धको लडाइँमा इजरेलले उक्त समूहको आक्रमणका कारण देशको उत्तरी भागबाट विस्थापित भएका ६० हजार बासिन्दाको पुनर्स्थापनालाई आफ्नो घोषित नीति बनाएको छ। लेबननमा उक्त द्वन्द्वले ३५ सय भन्दा बढी मानिसहरूको ज्यान गएको छ र १० लाख भन्दा धेरै आफ्ना घरबाट विस्थापित भएका छन्।यसै हप्ताको प्रारम्भमा युद्धविरामको उपाय खोजी गर्ने प्रयासमा एक जना अमेरिकी मध्यस्थकर्ताले इजरेल र लेबनन दुवै देशको भ्रमण गरेका थिए।आमोस होक्स्टिनले केही प्रगति हासिल भएको बताएपनि सार्वजनिक रूपमा कुनै पनि कुराको व्याख्या गरेका छैनन्।

# नेपाल प्रिमिअर लीगः नयाँ सुरुवात

बीबीसी

काठमाण्डु । करोडौँको लगानी, विदेशी खेलाडीहरूको ठूलो सङ्ख्या र समर्थकको उत्सुकताले चर्चाको उत्कर्षमा रहेको नेपाल प्रिमिअर लीग (एनपीएल) सुरु हुन दुई हप्ता पनि बाँकी छैन।झन्डै ७० देखि ८० करोड रुपैयाँको बजेट लाग्ने आकलन गरिएकोले नेपालको सबैभन्दा ठूलो बजेटको क्रिकेट प्रतिस्पर्धा हुने निश्चित भइसकेको एनपीएलको भव्यता पनि सोही अनुरूप तयार हुँदै गरेको देखिन्छ।




सहभागी ८ फ्रेन्चाइज टिमले विदेशी खेलाडी किन्नमा कन्जुस्याइँ नगर्नु अनि टिम तयारीमा गरिएको तामझामले पनि प्रतियोगितामा रस थप्ने काम गरिरहेको महसुस गर्न सकिन्छ।क्यानका सचिव पारस खड्काले घोषणा गरेका छन्, “एनपीएल विश्वको उत्कृष्ट ५ फ्रेन्चाइज बनाउने हाम्रो लक्ष्य छ।” उनले गरेको यो घोषणा नेपाली क्रिकेटको लागि चुनौती र अवसर दुवै हुन सक्छ।उत्कृष्ट लीग बनाउन सहज भने छैन।

फ्रेन्चाइज क्रिकेट नेपाली समर्थकका लागि नयाँ विषय होइन।विगतमा एभरेस्ट प्रिमिअर लीग (इपीएल), धनगढी प्रिमिअर लीग (डीपीएल), पोखरा प्रिमिअर लीग (पीपीएल) र नेपाल टी-२० लीगको नाममा फ्रेन्चाइज क्रिकेटको स्वाद नेपाली समर्थकहरूले चाखिसकेका छन्।यस्तोमा क्यानले नै आयोजना गर्ने पहिलो संस्करणको एनपीएलमा नयाँ विशेषताहरू पस्किने प्रयास गरिएको छ, जुन विगतमा थिएन। पहिलो पक्ष यसको आम्दानी हुनेछ।

क्यानले आयोजना गर्न लागेको हुनाले सबै फाइदा क्यानलाई नै हुनेछ। त्यो भनेको प्राप्त आम्दानी क्रिकेट विकासमा नै खर्च हुनेछ।त्यसको झलकहरू देखिसकिएको छ ८ वटा फ्रेन्चाइज टोलीले लीग किन्न तिरेको फ्रेन्चाइज शुल्कबाट क्यानले झन्डै १७ करोड आम्दानी गरिसकेको छ।त्यस्तै ब्रान्ड डिजिटल लजिक प्रालिलाई एनपीएलको कमर्सियल राइट्सको अधिकार बेच्दा क्यानले ५ करोड ९२ लाख रुपैयाँ प्राप्त गरेको छ।

अब टिकट बिक्रीबाट प्राप्त हुने रकम क्यानको मुख्य आम्दानी हुनेछ।क्यानले आम्दानीको ५० प्रतिशत रकम भने आठवटा फ्रेन्चाइज टोलीलाई बाँड्नेछ।यस्तै खेलाडीहरूले विगतमा भन्दा एनपीएलमा सबैभन्दा राम्रो मूल्य पाएका छन्।उनीहरू श्रेणी अनुसार कम्तीमा २ लाख र बढीमा २० लाखमा अनुबन्धित भएका छन्। विश्वभर क्रिकेट खेलको प्रसारणमा चर्चा पाएको स्टार स्पोर्ट्समा एनपीएल प्रत्यक्ष प्रसारण हुनेछ।

एनपीएलको सबैभन्दा नौलो र बलियो पक्ष यही हुनेछ। विश्वभरका क्रिकेट प्रेमीको पहुँच र प्रत्यक्ष प्रसारणमा प्रयोग हुने उच्चतम प्रविधिमा नेपाली खेलाडीको क्रिकेट कौशल विश्वभरका दर्शकले हेर्नेछन्।सन् २०१४ को टी-२० विश्वकपमा पहिलो पटक स्टार स्पोर्ट्समा नेपाली टोलीको खेल प्रत्यक्ष हेरेका थिए दर्शकहरूले । एसिया कप र हाल २०२४ को टी २० विश्वकपमा पनि नेपालको खेल स्टार स्पोर्ट्सबाट क्रिकेट प्रेमीले हेरेका थिए।

त्यो राष्ट्रिय टीमको खेल थियो भने अब नेपालको फ्रेन्चाइज क्रिकेट पनि विश्वभरका दर्शकले हेर्न पाउने छन्। क्यान र फ्रेन्चाइज टीमले गरेको लगानी एनपीएल पहिलो सिजनको बलियो पक्ष देखिन्छ।टीम किन्नको लागि मात्र १ करोड देखि साढे ३ करोड रुपैयाँसम्म खर्चेको देखिन्छ।कर्णाली याक्सले सबैभन्दा कम १ करोड ११ लाख तथा पोखरा एभेन्जर्सले सबैभन्दा बढी ३ करोड ५७ लाख रुपैयाँमा टीम किनेका थिए।

यस्तै स्वदेशी तथा विदेशी खेलाडी खरिद, प्रशिक्षक, प्राविधिक, तयारी, प्रशिक्षण, होटल, लजिस्टिक्स, ब्रान्ड एम्बेसडर गरी एउटा टोलीको कम्तीमा ७ करोडदेखि बढीमा ९ करोड रुपैयाँसम्म खर्च हुने आकलन गरिएको छ।टोलीका मालिकहरूले यसलाई लगानी भनेका छन्।कर्णालीका टीम मालिक मध्येका एक गेहेन्द्र बस्नेतले बीबीसीसँग भने, “यसलाई हामीले नेपाली क्रिकेट विकासको सुरुवाती लगानीका रूपमा लिएका छौँ। ३/४ वर्ष भित्रमा हामी यो लगानी उठाउने योजनामा छौँ।”

क्यानले पनि आयोजनामा १० देखि १५ करोड रुपैयाँ खर्चिने अनुमान गरिएको छ।क्यानका सचिव पारस खड्काले यो वर्ष लगानी वर्षको रूपमा हुने बताए।उनले भने, “हामीले टीम मालिकहरूलाई पहिले नै स्पष्ट पारिसक्यौँ कि सुरुको ३/४ वर्ष तपाईंहरूले आम्दानी गर्न सक्नुहुन्न। यसमा उहाँहरू सबै राजी हुनुहुन्छ ।” खेलाडी र दर्शकले कीर्तिपुर मैदानमा एनपीएलका दौरान थुप्रै नयाँ विषयहरू महसुस गर्ने पक्का छ।

क्यानले कीर्तिपुर क्रिकेट मैदानको स्तरोन्नति गरेको छ।मैदानमा डिजिटल स्कोर बोर्ड निर्माण गरिएको छ। यो राष्ट्रिय खेलकुद परिषद्ले निर्माण गरेको हो। त्यस्तै पिचको पुनर्निर्माण गरिएको छ भने बाउन्ड्री क्षेत्र बढाइएको छ।दर्शकले यसपालि अस्थायी प्यारापिटमा बस्ने सुविधा पाउने छन् भने मैदानमा प्रवेश गर्नका लागि ६ वटा ’जोन’ छुट्याइएको छ।

त्यस्तै भीआईपी टिकट, भीभीआईपी लाउन्ज र ओनर्स लाउन्ज पनि निर्माण गरिएको क्यानका प्रवक्ता छुम्बी लामाले बताए।त्यस्तै नयाँ साइड स्क्रिन, मिडिया बक्स र अभ्यास पिच पनि नयाँ बनाइएको छ। विदेशी खेलाडीको आगमन नेपालमा नौलो विषय होइन।तर संख्याको हिसाबमा एनपीएल ठूलो प्रतिस्पर्धा हुनेछ। १६ देशका कम्तीमा ३२ विदेशी खेलाडी कीर्तिपुर मैदानमा उत्रिनेछन्।

क्यानले एउटा फ्रेन्चाइज टीमले ४ खेलाडी उतार्न पाउने नियम बनाएको छ। तर एउटा टोलीले ६ जना विदेशी खेलाडीसम्म अनुबन्ध गर्न पाउने सुविधा छ।भारतका चर्चित खेलाडी शिखर धवनदेखि न्युजिल्याण्डका मार्टिन गुप्टिल अनि अस्ट्रेलियाका बेन कटिङ जस्ता खेलाडी एनपीएलका चर्चित विदेशी नामहरू हुन्।८ मध्ये ५ टीमले विदेशी प्रशिक्षक अनुबन्धित गरिसकेका छन्। समग्रमा एनपीएलको सफलताले नेपाली क्रिकेटको विकासमा मद्दत पुग्ने हुनाले क्रिकेट प्रेमीको आँखा अबको एक महिना कीर्तिपुर मैदानमा हुनेछ।

तयारी सँगसँगै क्यानले केही अप्ठेरोको सामना गर्नुपरेको छ।कतिपयले क्षमताभन्दा ठूलो बजेटको प्रतियोगिता गर्न नहुने भन्दै आलोचना पनि गरिरहेका छन्।नेपाल प्रिमिअर लीगको नाममा सर्वोच्च अदालतमा मुद्दा चलिरहेको छ।त्यस्तै प्रत्यक्ष प्रसारणको विषयलाई लिएर तीन निकाय नेपाल विज्ञापन सङ्घ, राष्ट्रिय विज्ञापन सङ्घ नेपाल र मिडिया अलायन्स नेपालले विरोध गरिरहेका छन्।यी सबै विषयलाई पार लगाउँदै पारस खड्का नेतृत्वको एनपीएल टोलीले महत्त्वाकाङ्क्षी परियोजना पूरा गर्नुपर्ने देखिन्छ।

# विकासोन्मुख राष्ट्रलाई ३०० अर्ब डलर सहयोग जलवायु सम्झौताको प्रमुख बुँदा

एएफपी

बाकु । अजरबैजानमा भएको संयुक्त राष्ट्रसङ्घीय जलवायु वार्तामा भएको सम्झौताले धेरै प्रदूषण उत्सर्जकहरूले गरिब राष्ट्रहरूलाई स्वच्छ ऊर्जामा रूपान्तरण गर्न र विश्वव्यापी तापमान वृद्धिलाई अनुकूलन गर्न मद्दत गर्न प्रदान गर्ने रकममा वृद्धि गर्ने भएको छ।बाकुमा भएको कोप २९ मा भएको सम्झौताका मुख्य बुँदाहरु यस प्रकार छन्




**३०० अर्ब डलर**

संयुक्त राष्ट्रसङ्घले सन् १९९२ मा स्थापना गरेको संरचनाअनुसार सबैभन्दा बढी ग्रह ताप उत्सर्जनका लागि जिम्मेवार २३ विकसित देश र युरोपेली सङ्घलाई पृथ्वीमा सबैभन्दा बढी ताप उत्सर्जनका लागि जिम्मेवार ठहर गर्दै उनीहरूले बार्षिकरूपमा कम्तीमा ३०० अर्ब अमेरिकी डलर उपलब्ध गराउनुपर्ने सम्झौतामा उल्लेख छ ।

बाकु सम्झौताले सन् २०३५ सम्ममा विकसित देशहरूले प्रतिवर्ष कम्तीमा ३०० अर्ब अमेरिकी डलर उपलब्ध गराउनुपर्ने गरी यस पहिलेको १०० अर्ब डलरको प्रस्तावलाई संशोधित गरेको हो । अघिल्लो सम्झौतामो १०० अर्ब अमेरिकी डलर सहयोग गर्ने प्रस्ताव गरिएको थियो ।

तर यो रकम पनि बाकुमा भएको वार्तामा केही विकासोन्मुख देशहरूले गरेको माग (५०० अर्ब डलर) भन्दा निकै कम हो ।यो रकम सरकारी बजेट, निजी क्षेत्रको लगानी र अन्य वित्तपोषण सहित ‘विभिन्न स्रोतहरू’ बाट सीधै आउने सम्झौतामा उल्लेख छ ।यसले उड्डयन र समुद्री उद्योगहरू, र धनी राष्ट्रहरूमा छलफल अन्तर्गत सम्भावित विश्वव्यापी करहरूको सन्दर्भजस्ता ‘वैकल्पिक स्रोतहरू’ पनि उद्धृत गर्दछ । अर्को दशकसम्म प्रति वर्ष कम्तिमा १.३ ट्रिलियन डलर वितरण गर्ने महत्वाकाङ्क्षी लक्ष्यमा पुग्न विकसित देशहरूको पैसाले निजी लगानीलाई बढावा दिन पनि मद्दत गर्ने विश्वास सम्झौतामा उल्लेख छ। संयुक्त राष्ट्रसङ्घले नियुक्त गरेका विज्ञहरूले सन् २०३५ सम्ममा उक्त रकम आवश्यक रहेको बताएका छन् । “यी कोष र यस संरचनाको साथ हामी १.३ ट्रिलियनको जलवायु वित्त सङ्कलन र वितरणको उद्देश्यमा पुग्नेछौँ,” ईयूका जलवायु आयुक्त ओपके होक्स्ट्राले सहकर्मी कोप २९ प्रतिनिधिसँग भन्नुभयो ।

> सम्झौतामा चीनजस्ता विकासशील देशहरुले बहुपक्षीय विकास बैङ्कहरुमार्फत प्रदान गर्ने जलवायु वित्त ३०० अर्ब डलरको लक्ष्यमा गणना हुनेछ ।

**चीनको भूमिका**

संयुक्त राज्य अमेरिका र ईयूले चीन र साउदी अरबजस्ता विकासशील तर अहिले धनी भएका देशहरूलाई समावेश गर्न दाताहरूको आधार विस्तार गर्न जोड दिएका थिए । तर विश्वको दोस्रो ठूलो अर्थतन्त्र र हरितगृह ग्यासउत्सर्जन गर्ने चीनले द्विपक्षीय सहायता उपलब्ध गराइसकेको स्मरण गर्दै आफ्नो हैसियत परिवर्तन गर्न अस्वीकार गर्दै आएको छ ।यस सम्झौतामा विकसित राष्ट्रहरूले ३०० अर्ब अमेरिकी डलर उपलब्ध गराउन ‘नेतृत्व लिने’ उल्लेख छायस पदले विकासशील देशहरूलाई ‘स्वेच्छिक योगदान’ गर्न प्रोत्साहन गर्छ ।

सम्झौतामा चीनजस्ता विकासशील देशहरूले बहुपक्षीय विकास बैङ्कहरूमार्फत प्रदान गर्ने जलवायु वित्त ३०० अर्ब डलरको लक्ष्यमा गणना हुनेछ ।होक्स्ट्राले भन्नुभयो, “यो निष्पक्षता र हाम्रो लागि महत्वको विषय पनि हो । सहयोग गर्न सक्ने क्षमता भएका सबैले योगदान गर्नुपर्छ ।”उहाँले थप्नुभयो, “त्यसैले समस्याको आकारलाई ध्यानमा राख्दै, हामी स्वैच्छिक आधारमा योगदानकर्ता आधार विस्तार गर्नु राम्रो हो ।”

**कोषको भाग**


यो वार्ता विकासशील विश्वमा असहमतिको दृश्य पनि थियो । साना टापु राष्ट्रहरूको गठबन्धन (एओएसआइसिस) ले ३९ अर्ब अमेरिकी डलर माग गरेको भएपनि यो आँकडा अन्तिम सम्झौतामा परेको देखिँदैन ।

यसको साटो सन् २०३० सम्ममा प्राप्त हुने अन्य सार्वजनिक कोषलाई तीन गुणा बढाउनुपर्ने माग गरिएको छ ।सन् २०२५ मा ब्राजिलमा हुने अर्को कोप सम्मेलनले यी देशहरूका लागि जलवायु वित्त कसरी बढाउन सकिन्छ भन्ने बारे एक प्रतिवेदन जारी गर्ने अपेक्षा गरिएको छ ।

# पाकिस्तानमा तीन दिनमा ८२ जनाको मृत्यु

एएफपी

पेशावर । पाकिस्तानको उत्तरपश्चिमी क्षेत्रमा तीन दिनदेखि चलेको साम्प्रदायिक भिडन्तमा कम्तीमा ८२ जनाको मृत्यु हुनुका साथै १५६ जना घाइते भएका एक स्थानीय अधिकारीले आइतबार बताएका छन् ।पाकिस्तान सुन्नी बहुल देश हो तर अफगानिस्तानको सीमा नजिकै रहेको खैबर पख्तुनख्वा प्रान्तको कुर्रम जिल्लामा शिया समुदायको बाहुल्यता छ र यो समुदाय दशकौँदेखि शुन्नी बहुसङ्ख्यक पाकिस्तानीको निशाना हुने गरेको छ ।



गत हप्ता प्रहरीको सुरक्षामा यात्रा गरिरहेका शिया मुसलमानका दुई छुट्टाछुट्टै समूहमाथि गत बिहीबार आक्रमण हुँदा कम्तीमा ४३ जनाको मृत्यु हुनुका साथै दुई दिनसम्म सशस्त्र झडप भएको थियो ।

“नोभेम्बर २१, २२ र २३ मा भएको झडप र प्रहरीका गाडीलाई लक्षित गरी गरिएका आक्रमणमा परी ८२ जनाको मृत्यु भएको छ भने १५६ जना घाइते भएका छन्,’ स्थानीय प्रशासनका एक अधिकारीले नाम नबताउने शर्तमा भने।

“मृत्यु हुनेमा १६ जना सुन्नी र ६६ जना शिया समुदायका व्यक्ति रहेका छन्,” उनले एएफपीसँग भने। शनिबार रातिसम्म पनि हल्का र गह्रौं हतियारसहित गोली हानाहान जारी रहेपछि करिब ३०० परिवार घर छोडी भागेका थिए ।स्थानीय प्रशासनका एक अधिकारीले भने, “कुर्रममा मोबाइल नेटवर्क बन्द गरिएको छ र मुख्य राजमार्गमा यातायात अवरुद्ध छ।”

सन् २०१८ मा खैबर पख्तुनख्वामा गाभिएसम्म अर्धस्वायत्त संघीय प्रशासित जनजातीय क्षेत्रको हिस्सा रहेको कुर्रममा प्रहरीले नियमित रूपमा हिंसा रोक्न संघर्ष गर्दै आएको छ ।प्रान्तीय सरकारको एक प्रतिनिधिमण्डलले शनिबार शिया समुदायसँग वार्ता गरेको थियो र आइतबारपछि सुन्नी समुदायलाई भेट्ने कार्यक्रम रहेको छ।प्रान्तीय राजधानी पेशावरका एक सुरक्षा अधिकारीले एएफपीलाई बताएअनुसार वार्ताकारको हेलिकप्टर त्यस क्षेत्रमा आइपुग्दा आक्रमण भएको थियो।

प्रान्तीय कानून मन्त्री आफताब आलम अफ्रिदीले आइतबार भन्नुभयो, “आज हाम्रो प्राथमिकता दुवै पक्षबीच युद्धविरामको मध्यस्थता गर्नु हो । एक पटक यो हासिल भएपछि, हामी अन्तर्निहित मुद्दाहरू सम्बोधन गर्न सुरु गर्न सक्दछौं ।”गत महिना कुर्रममा भएको साम्प्रदायिक झडपमा तीन महिला र दुई बालबालिकासहित कम्तीमा १६ जनाको मृत्यु भएको थियो ।

यसअघि जुलाई र सेप्टेम्बरमा भएको झडपमा दर्जनौं मानिसको मृत्यु भएको थियो र युद्धविरामको आह्वान गरिएको जिरगा वा आदिवासी परिषद्पछि मात्र टुङ्गिएको थियो ।पाकिस्तानको मानव अधिकार आयोगका अनुसार जुलाईदेखि अक्टोबरसम्म साम्प्रदायिक झडपमा परी ७९ जनाको मृत्यु भएको छ ।यसैबीच, पाकिस्तानको दोस्रो ठूलो शहर लाहोर र देशको व्यापारिक केन्द्र कराँचीमा शुक्रबार सयौं मानिसले हिंसाको विरोधमा प्रदर्शन गरेका छन् ।

## अस्ट्रेलियाली सरकारले दुष्प्रचार र गलत सूचनासम्बन्धी प्रस्तावित विधेयक अघि नबढाउने

सिन्ह्वा

क्यानबेरा । अष्ट्रेलियाको सरकारले सामाजिक सञ्जाल कम्पनीहरूलाई आफ्नो प्लेटफर्ममा दुष्प्रचार र गलत सूचनालाई नियमन गर्न बाध्य पार्ने प्रस्तावित कानूनहरू औपचारिक रूपमा खारेज गरेको छ ।सञ्चारमन्त्री मिचेल रोल्याण्डले सिनेटमा भएको विरोधका कारण सरकारले गलत सूचना सम्बन्धी विधेयक अघि नबढाउने घोषणा गर्नुभएको हो ।

यदि यो कानून पारित भएको भए, यसले अष्ट्रेलियाली सूचना तथा मिडिया प्राधिकरण (एसीएमए) लाई सामाजिक सञ्जाल कम्पनीहरूलाई जरिवाना गर्ने अधिकार दिने थियो ।

# कोप-२९ सम्झौता जलवायु सहयोग र वित्तका लागि नयाँ युगको सङ्केत

एएफपी

ब्रसेल्स । युरोपेली सङ्घ (इयू) आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयेनले बाकुमा भएको कोप-२९ सम्झौतालाई ‘जलवायु सहयोग र वित्तका लागि नयाँ युग’को रुपमा चित्रण गरेको बताउनुभएको छ ।

उहाँले अजरबैजानको राजधानीमा भएको वार्तापछि ३०० अर्ब अमेरिकी डलरको सम्झौताले जिवाष्म इन्धनबाट हरित उर्जातर्फको सङ्क्रमणका लागि लगानी बढाउने, कार्बन उत्सर्जन घटाउने र जलवायु परिवर्तनको प्रभावलाई न्युनिकरण गर्नेतर्फ लचकता निर्माण गर्ने बताउनुभएको छ । “ईयूले नेतृत्व जारी राख्नेछ, सबैभन्दा कमजोरका लागि सहयोग केन्द्रित गर्नेछ,” उहाँले एक्समा अगाडि भन्नुभयो ।

यसैबीच, जलवायु परिवर्तनका कारण विश्वव्यापी तापमान वृद्धि भएको भन्दै कोप-२८ बाट जीवाष्म इन्धनबाट हरित उर्जातर्फको सङ्क्रमणको विकल्प खोज्ने सहमतिको बुँदा गायब भएको भन्दै जलवायुविद्हरूले चिन्ता व्यक्त गरेका छन् ।दुबईमा कोप २८ को मुख्य उपलब्धि जीवाश्म ईन्धनबाट ‘विकल्प खोज्ने’ प्रतिवद्धता बाकुमा भएको अन्तिम सम्झौताबाट गायब भएकोमा जलवायु अधियानरकर्मीहरूले चिन्ता व्यक्त गरेका हुन् ।

ऐतिहासिक सम्झौताको कार्यान्वयनलाई सुदृढ पार्ने भनिएको पाठ अन्ततः कोप २९ को अन्त्यमा पारित गरिएको थिएन । लामो बहसपछि यसलाई पहिले नै सम्झौताको सारबाट धेरै हदसम्म खाली गरिसकिएको थियो।अन्तिम दस्तावेजमा बाँकी रहेका सबै कुरा गत वर्ष अपनाइएका सम्झौताको अस्तित्वको अन्तर्निहित सन्दर्भ थियो।


एक जना युरोपेली वार्ताकारका अनुसार यसले उत्पादक देशहरूसितको ‘शैतानको मोलतोल’ लाई झल्काउँछ।साउदी अरबले विरोध गरेको युरोपेली सङ्घको एउटा प्राथमिकता तेल, ग्यास र कोइलाबाट टाढा जाने प्रयासहरूको वार्षिक अनुगमनमा सहमत हुनु थियो। त्यो अन्तिम सम्झौतामा पुग्न सकेन ।

# म्याग्दीमा करिब तीन हजार उद्योग

म्याग्दी । यस जिल्लामा करिब तीन हजार उद्योग सञ्चालनमा रहेका पर्यटन तथा उद्योग कार्यालयले जनाएको छ।

दशौँ उद्योग दिवस-२०८१ का अवसरमा आज पर्यटन तथा उद्योग कार्यालय म्याग्दीले आयोजना गरेको कार्यक्रममा कार्यालय प्रमुख पोषानाथ शर्माले तीन हजार तीन सय ८४ उद्योग दर्ता भएकामा दुई हजार नौ सय १९ वटा सञ्चालनमा रहेका जानकारी गराउनुभयो ।

“पछिल्लो केही वर्षयता उद्योग ब्यवसाय दर्ताको तुलनामा खारेजी हुनेको दर बढेको छ”, उहाँले भन्नुभयो, “वैदेशिक रोजगारका लागिकारोबारदेखाउन, बैंकबाट ऋण र राज्यबाट अनुदान लिन कागजी प्रक्रिया पूरा गर्न दर्ता भएका उद्योग र व्यवसाय उद्देश्य पूरा भएपछि कर तिरिरहनुभन्दा खारेज भएका हुन् ।”



आर्थिक वर्ष २०८०/८१ मा दुई सय ११ उद्योग, व्यवसाय दर्ता भएको कार्यालयमा ८४ वटा खारेज भएका थिए। कार्यालयका अनुसार २०८०/८१ मा ३१ वटा उद्योग र ५३ वटा व्यावसायिक फर्म खारेज भएका हुन् । आर्थिक वर्ष २०७९/८० मा १४ वटा उद्योग र २९ वटा व्यावसायिक फर्म खारेज भएका थिए।

आर्थिक वर्ष २०७७/७८ मा सात सय ६२, २०७८/७९ मा पाँच सय ७० र २०७९/८० मा तीन सय १७ वटा उद्योग र व्यावसायिक फर्म दर्ता भएका थिए। गत वर्ष तीन सय २२ उद्योग र तीन सय ९४ व्यावसायिक फर्मले नवीकरण गरेका थिए । गत वर्ष दर्ता भएका उद्योगमा तीन सय जनालाई रोजगारी सिर्जना भएको कार्यालय प्रमुख शर्माले बताउनुभयो ।

म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुवीन श्रेष्ठले कोरोना महामारी पछि आर्थिक मन्दीका कारण उद्यमी व्यवसायी विदेश पलायन हुने र अन्य पेसा रोज्नेक्रम बढेको बताउनुभयो । उद्योग वाणिज्य सङ्घको चुनावी प्रयोजनका लागि दर्ता भएका व्यावसायिक फर्महरु पनि पछिल्लो समय स्थानीय तह, उद्योग तथा पर्यटन कार्यालय र आन्तरिक राजस्व कार्यालयमा कर तिर्नुपर्ने भएपछि बन्द गर्न थालेका हुन् ।

यसैगरी दशौँ उद्योग दिवस-२०८१ का अवसरमा पर्यटन तथा उद्योग कार्यालय, म्याग्दीले तीन जना उद्यमीहरुलाई सम्मान गरेको छ। रघुगङ्गा गाउँपालिका-१ बेगकी मेनुका सिलाइकटाइ तथा प्रशिक्षण केन्द्रका मेककुमारी पुन, बेनी नगरपालिका-८ गणेशटोलको वेदना सु-सेन्टरका सुकलाल किसान र बेनी नगरपालिका-७ कुरिलाखर्कको शर्मा कृषि तथा पशपक्षी फार्मका सञ्चालक कृष्णप्रसाद शर्मालाई सम्मान गरिएको हो।

गण्डकी प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री रेशमबहादुर जुग्जाली (सुविन), जिल्ला समन्वय समितिका प्रमुख राजकुमार थापा, बेनी नगरपालिकाका प्रमुख सुरत केसी, प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकाललगायतले उहाँहरुलाई दोसल्लो ओढाएर सम्मानपत्र प्रदान गर्नुभएको थियो।

प्रदेशसभा सदस्य जुग्जालीले म्याग्दीमा आवश्यकता र सम्भावनामा आधारित भएर सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक भएको बताउनुभयो । गण्डकी प्रदेशसभाबाट स्थानीय मदिरासम्बन्धी कानुन निर्माणको अन्तिम चरणमा रहेको जानकारी गराउँदै म्याग्दीमा पनि यस किसिमका उद्यम स्थापना गरी मदिरा आयात घटाउन आवश्यक देखिएको विचार व्यक्त गर्नुभयो ।रासस

# भारतबाट आउने तरकारीका कारण नेपाली किसान समस्यामा



इनरुवा । देवानगञ्ज गाउँपालिका-३ का अजय मण्डलले तीन कठ्ठामा बन्दागोभी लगाउनुभएको छ। मजदुरको अभाव, समयमा मलखाद नपाउनु, वर्षासँगै आएको बाढीको समस्याका बाबजुद उहाँले रु ५० हजारको लागतमा तरकारीखेती गर्नुभयो। तर मण्डललाई उचित मूल्य पाउन भने समस्या भएको छ।

भारतमा उत्पादित तरकारी नेपाली बजारमा सस्तोमा बिक्री हुने गरेका कारण स्थानीय किसानले तरकारीको उचित मूल्य पाउन सकेका छैनन्। नेपालमा उत्पादन लागत बढी लाग्ने गरेका कारण तरकारीको मूल्य भारतीय तरकारीभन्दा महँगो पर्छ। भारतमा सस्तोमा बीउ तथा मलखाद पाउने भएकाले उत्पादन लागत कम हुँदा त्यहाँबाट आउने तरकारी सस्तोमा बिक्री हुने गरेको स्थानीय किसान गुलाबचन मेहताले बताउनुभयो।

“नेपालमा मलखाद, बीउबिजनदेखि सिँचाइसम्म महँगो पर्ने भएकाले भारतीय तरकारीसँग प्रतिस्पर्धा गर्न सकिएको छैन”, उहाँले भन्नुभयो । इनरुवा-४ का रामदेव मेहताले दैनिकरूपमा भारतबाट आउने तरकारीका कारण स्थानीय उत्पादन बिक्री गर्न समस्या हुने गरेको बताउनुहुन्छ। तरकारी खेती गर्न भारतमा भन्दा नेपालमा महँगो पर्ने भएकाले भारतीय किसानसँग प्रतिस्पर्धा गर्न समस्या भएको स्थानीय किसान बताउँछन् ।

अहिले भारतबाट आउने बन्दागोभी प्रतिकिलो रु २० देखि रु ३० सम्ममा बिक्री हुने गरेको छ । नेपाली किसानलाई सोही मूल्यमा बिक्री गर्नुपर्दा लगानी असुल नहुने स्थानीय किसान चन्दन मेहताले बताउनुभयो । देवानगञ्ज बजारमा भारतबाट भित्रिने तरकारीको मात्रा बढेसँगै यहाँका किसानले उत्पादन गरेको तरकारीको मूल्यमा गिरावट आएको छ।

भारतबाट सस्तो मूल्यमा आलु, प्याज, गोलभैँडा, काउली, बोडी, भण्टा र सागपात बजारमा भित्रिएपछि स्थानीय उत्पादन बिक्री गर्न समस्या भएको किसानले बताएका छन् । उत्पादन गरेको तरकारीले मूल्य नपाउँदा किसानको लगानी डुब्नुका साथै तरकारीखेतीलाई निरन्तरता दिन समस्या भएको किसान बताउँछन् । भारतबाट आउने तरकारीमा कडाइ गर्न तथा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न स्थानीय तहसँग किसानले माग गरेका छन् ।रासस

# विदेशी मुद्राको विनिमय दर

काठमाण्डु। नेपाल राष्ट्र बैंकले आइतबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ ८२ पैसा र बिक्रीदर एक सय ३५ रुपैयाँ ४२ पैसा कायम भएको छ। युरोपियन युरो एकको खरिददर एक सय ४० रुपैयाँ ५२ पैसा र बिक्रीदर एक सय ४१ रुपैयाँ १४ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर एक सय ६८ रुपैयाँ ८६ र बिक्रीदर एक सय ६९ रुपैयाँ ६१ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५१ रुपैयाँ ७५ पैसा र बिक्रीदर एक सय ५२ रुपैयाँ ४२ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ ६३ पैसा र बिक्रीदर ८८ रुपैयाँ दुई पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ ३७ पैसा र बिक्रीदर ९६ रुपैयाँ ८० पैसा, सिङ्गापुर डलर एकको खरिदार एक सय एक रुपैयाँ चार पैसा र बिक्रीदर एक सय रुपैयाँ ४९ पैसा निर्धारण गरिएको छ।



जापानी येन १० को खरिददर आठ रुपैयाँ ७३ पैसा र बिक्रीदर आठ रुपैयाँ ७७ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ६१ पैसा र बिक्रीदर १८ रुपैयाँ ६९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ९१ पैसा र बिक्रीदर ३६ रुपैयाँ सात पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ९७ पैसा र बिक्रीदर ३७ रुपैयाँ १३ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर तीन रुपैयाँ ९१ पैसा र बिक्रीदर तीन रुपैयाँ ९२ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ७१ पैसा र बिक्रीदर ३६ रुपैयाँ ८७ पैसा, मलेसियन रिङ्गेट एकको खरिदर ३० रुपैयाँ १८ पैसा र बिक्रीदर ३० रुपैयाँ ३१ पैसा, साउथ कोरियन वन एक सयको खरिदर नौ रुपैयाँ ५९ पैसा र बिक्रीदर नौ रुपैयाँ ६३ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ १७ पैसा र बिक्रीदर १२ रुपैयाँ २२ पैसा र डेनिस क्रोनर एकको खरिददर १८ रुपैयाँ ८४ पैसा र बिक्रीदर १८ रुपैयाँ ९३ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ३२ पैसा र बिक्रीदर १७ रुपैयाँ ४० पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३८ रुपैयाँ र बिक्रीदर चार सय ३९ रुपैयाँ ९५ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५७ रुपैयाँ ६८ पैसा र बिक्रीदर तीन सय ५९ रुपैयाँ २८ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ ।रासस

# बेर्ना बेचेर एकै याममा दुई लाख आर्जन

गलेश्वर। विगत ४१ वर्षदेखि व्यावसायिक रूपमा सागसब्जीका बेर्ना उत्पादन गर्दै आउनुभएका बेनी नगरपालिका- २ खबराका ६२ वर्षीय चन्द्रबहादुर कार्की यतिबेला तिनको बिक्रीमा व्यस्त हुनुहुन्छ।

जिल्लाको पर्यटकीयस्थल लभ्लीहिलसँगै जोडिएको जग्गामा उहाँले उत्पादन गरेका प्याज, काउली,ब्रोकाउली,बन्दा,गोलभैँडाका बेर्ना खरिद गर्नेको दैनिक भीड लाग्ने गरेको छ ।दैनिक ६० जनाभन्दा बढी ग्राहक बेर्ना खरिद गर्न आफ्नो नर्सरीमा आउने गरेका उहाँले बताउनुभयो । मङ्सिर पहिलो सातासम्म विरुवा बिक्री गरेर उहाँले रु दुई लाखभन्दा बढी आम्दानी गरेको जानकारी दिनुभयो।



“हालसम्म रु दुईलाख १० हजार बराबरका बेर्ना बेचेँ । नर्सरीमा विभिन्न जातका बेर्ना हुर्कँदै छन् ” उहाँले भन्नुभयो। उहाँको परिवारका चार सदस्यको इलम पनि बेर्ना उत्पादन भएको छ । बेर्नासँगै उहाँले सागसब्जी पनि लगायनु भएको छ। जैविक उत्पादन भएकाले ती खरिद गर्न उहाँको बारीमा नै ग्राहकको भीड लाग्ने गरेको छ । बेनी बजारमा पनि उहाँका उत्पादन केही घण्टामा उपभोक्ताका घरमा पुगिसक्छन्।

सागसब्जीका बेर्ना खरिद गर्न कार्कीको नर्सरीमा रत्नेचौर,भकुण्डे,गौश्वारा,बगरफाँट,पुलाचौर देखि पर्वतको मल्लाज र बागलुङको कुँडुले,बान्द्रे लगायतका स्थानबाट किसान आउने गरेका छन् । उहाँले एक याममा बेर्ना बेचेर रु दुई लाखभन्दा बढी आर्जन गर्दै आएको बताउनुभयो। दुई रोपनी जग्गामा उहाँको नर्सरी फैलिएको छ। “बीउ र मलमा रु ३० हजारदेखि ४० हजारसम्म लगानी हुन्छ । एकै सिजनमा रु दुई लाखदेखि तीन लाखसम्म आम्दानी गर्न सफल भएको छु”, कार्कीले भन्नुभयो ।रासस

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट



काठमाण्डु। यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ। आइतबार नेप्से परिसूचक १३ दशमलव शून्य तीन अङ्कले घटेर दुई हजार छ सय ६७ दशमलव ४० को बिन्दुमा कायम भएको हो।

आइतबार तीन सय २२ कम्पनीको एक करोड ५२ लाख ७० हजार एक सय ९७ कित्ता शेयर ७६ हजार चार सय १८ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ७२ करोड ८८ लाख ६१ हजार दुई सय ५० को कारोबार भएको छ ।लगानी समूह शून्य दशमलव शून्य आठ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ६८ प्रतिशतले बढेका छन् भने अरु सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा बढी विकास बैंक समूह एक दशमलव ६३ प्रतिशतले घटेको छ।

बैंकिङ शून्य दशमलव ५४, वित्त शून्य दशमलव ३७, होटल तथा पर्यटन शून्य दशमलव ४९ र जलविद्युत् समूह शून्य दशमलव ४१ प्रतिशतले घटेको छ। त्यसैगरी जीवन बिमा शून्य दशमलव ५५, लघुवित्त शून्य दशमलव ९४, म्युचुअल फण्ड शून्य दशमलव १२, निर्जीवन बिमा शून्य दशमलव १७, व्यापार शून्य दशमलव शून्य सात र अन्य समूह शून्य दशमलव ७१ प्रतिशतले घटेका छन्।

थ्रीस्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्य आइतबार सबैभन्दा बढी नौ दशमलव ९१ प्रतिशतले बढेको छ। सबैभन्दा बढी घट्नेमा भने सेन्चुरी डिभेञ्चर २०८८ सात दशमलव ७५ प्रतिशतले घटेको छ ।कारोबार रकमका आधारमा आइतबार सबैभन्दा बढी रु ६० करोड ८७ लाख ३६ हजार एक सय ५२ बराबरको शेयर किनबेच भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा डादी पावर लिमिटेडको सात लाख २० हजार आठ सय १३ कित्ता शेयर किनबेच भएको छ ।रासस


## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय मिर्चैयाको २१ दिने सूचना

तपसिल बमोजिमका कर्जा ग्राहकहरुले तमसूकमा लेखिएको शर्त पालना नगरी सम्वन्धित कार्यालयबाट विभिन्न समयमा तर ताकेदा गर्दा पनि समयमा बुझाउनुपर्ने साँवा र व्याज नबुझाई शर्त उलँघन गरेकोले निज संग लिनुपर्ने २०८१ मंसिर ०८ गते सम्मको सम्पुर्ण लेना रकम असुल हुने गरी तपाईको धितो परियोजना बैंक तथा वित्तीय संस्था ऐन २०७३ तथा बैंकको कर्जा असुली कार्यविधि २०७७ परिछेद ३ को दफा ७ को (क० एंव अन्य प्रचलीत कार्य विधि अनुसार बैंकको नियमानुसार २१ दिने सुचना प्रकाशित गरीएको छ। अतः २१ दिन भित्र आफनो कर्जा बुझाउनु हुन अनुरोध छ।

**सम्बन्धित कार्यालय :- कृषि विकास बैंक लि., शाखा कार्यालय मिर्चैया, सिरहा**

| क्र.सं. | नाम | ग्राहक नम्वर | मिसिल नं. | ठेगाना | बुवा/पति | बाजे/ससुरा | उदेश्य | साबा रकम | व्याज रकम २०८१/०८/०८ सम्मको | अन्य पाउनुपर्ने रकम | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गुलाई राय कुर्मी | ६४२६९२ | ७७९२ | फुलबरीया ६ | प्रभु राय कुर्मी | कन्कीर राय | घरायसी | ३२०००० | १७४५९।११ | | ३३७४५९।११ |
| २ | दिपेन्द्र कुमार महतो | ३०४१५८० | ८२७० | मिरचैया न.पा. | कुमार साह | देव नारायण साह सुडी | सरल कृषि कर्जा | १०००००० | ५८८०८।३७ | | १०५८८०८।३७ |
| ३ | भोला यादब | १०६५५०२ | ७९३६ | नरहा १ | बुधन | भारुल | कृषि ब्याबसाय | ५५०००० | ५५५९७।२१ | | ६०५५९७।२१ |
| ४ | भालसैर देवी | १७१७९९३ | ८१७६ | नरहा १ | बिष्णु देव यादब | पुलकीत यादब | कृषि ब्याबसाय | ५००००० | ७९३०५।२६ | | ५७९३०५।२६ |
| ५ | जिबछ यादब | १९६५३२१ | ८२१६ | नरहा ४ | रामपैत यादब | जनक यादब | सरल कृषि कर्जा | १०००००० | १०४६९८।६४ | | ११०४६९८।६४ |
| ६ | बनारसी यादवनी | ६४२८२३ | ७८९७ | नरहा ५ | गंगा यादव | श्रीमानःकिसुनदेव यादव | सरल कृषि कर्जा | ३००००० | १७९८६।४० | | ३१७९८६।४० |
| ७ | सागर देवी महतो | १०६२२३० | ७९२८ | बर्छावा-१ | उतिम लाल महतो | पति : देवन यादव | सरल कृषि कर्जा | ९९०००० | ४४२००।९८ | | १०३४२००।९८ |
| ८ | सरोज कुमार राय | ११५१११९ | ५९४१ | मिर्चैया ६ | राम प्रसाद | बैजनाथ | ओ.डी. | ३०००००० | ३७०७२२।२९ | | ३३७०७२२।२९ |
| ९ | विष्णु पशु माछा तथा कृषि फर्म (प्रो.शत्रुधन कु. यादव) | १७८००२६ | ८१८५ | नरहा -५ | विष्णु यादव | इन्द्र नारायण यादव | कृषि कर्जा | २५००००० | १२०४४०।८० | | २६२०४४०।८० |
| १० | सुर्य विनायक कम्प्युटर ईन्सीचयुट (प्रो.स्मृती हमाल) | ६४१९६३ | ७३८४ | मिर्चैया ७ | पति : सिनोद यादव | पिता : तिलक बहादुर हमाल | ब्यापार | ५०००००० | ७७९१८९।२९ | | ५७७९१८९।२९ |
| ११ | शिव शरण यादब | ६४२१०२ | ५९७४ | बर्छवा १ | रामचन्द्र | तोखन | कृषि ब्याबसाय | ७००००० | १६९७९।०५ | | ७१६९७९।०५ |
| १२ | शितल कुमार श्रेष्ठ | ११२०३८८ | ८०२८ | मल्हनिया खोरी | रोहित कुमार श्रेष्ठ | सन्तलाल श्रेष्ठ | घरायसी | ५५०००० | ६३०८१।८१ | २९०७ | ६१३०८१।८१ |
| १३ | नुरेजा खातुन | १६४५८१७ | ८१४० | कर्जन्हा-१० | शेष मुरतुजा | शेष सैदर | सरल कृषि कर्जा | ९९५००० | ८१७५८।४३ | | १०७६७५८।४३ |
| १४ | शिव कृषि तथा पशुपालन फर्म (प्रो.शान्ती देवी साह) | ३०३०३५९ | ८२८२ | परचिलवा १० | पति : राम लखन साह | बासुदेब साह | कृषि ब्याबसाय | १०००००० | १३३११२।३७ | | ११३३११२।३७ |
| १५ | मनिकलाल यादव | ६४२४१९ | ४५२१ | कल्याणपुर-९,डुमरी ३ | सिताराम यादव | महन्थी यादव | घरायसी | ३१०००० | ३७३५३।०० | | ३४७३५३।०० |
| १६ | कमला देवी साह | ६४२८३४ | ७९०१ | करजन्हा ८ | पतिः सिताराम | ससुरा : बिसुन | घरायसी | ६००००० | ६८५३८।६७ | | ६६८५३८।६७ |
| १७ | वीरेन्द्र कुमार महरा | १९३९८४७ | ८१९४ | कर्जन्हा ९ | अजवलाल महरा | राम प्रसाद महरा | कर्मचारी कर्जा | १०००००० | १७०३५३।५७ | | ११७०३५३।५७ |
| १८ | विनोद कुमार राउत | ६४२८२७ | ७९०० | कालाबन्जर, कर्जन्हा ५ | युगेश्वर राउत | सुर्य नारायण राउत | सरल कृषि कर्जा | ९००००० | १०९२९८।०६ | | १००९२९८।०६ |
| १९ | योगी साह तेली | ६४२६६० | ७७६४ | बडहरामाल ७ | विश्वा साह | विलट साह | सरल कृषि कर्जा | ४६५००० | १९१७८।१४ | | ४८४१७८।१४ |
| २० | अनिस शाह | १६८२५७६ | ८१४५ | चन्द्र अयोध्यापुर ४ | गफार साह | हमीद साह | कृषि ब्याबसाय | ७००००० | ९८७६६।२६ | | ७९८७६६।२६ |
| २१ | शिव कुमार यादव | १९५६८८७ | ८२०६ | नरहा-५ | सरयुग यादव | हिरा यादव | सरल कृषि कर्जा | १०००००० | ४९७४०।१३ | | १०४९७४०।१३ |
| | | | | | | | जम्मा | २३३८००००।०० | २४९६५६७८४ | | २५८७६५६७८४ |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय जनकपुर

# चिकित्सकद्वारा सामूहिक राजीनामा




**टुडे समाचारदाता**

जलेश्वर । चिकित्सकहरुल सामूहिक राजीनामा दिएपछि प्रादेशिक अस्पताल जलेश्वरको कामकाज पूर्णरुपेण प्रभावित भएको छ ।

चिकित्सकहरुको अभावमा प्रादेशिक अस्पताल जलेश्वरको सेवा प्रभावित भएको छ। तीन जना चिकित्सकले सामूहिक राजीनामा दिएपछि सेवा प्रभावित भएको हो ।

तलब, भत्तालगायत सुविधा नपाएकाले आफूहरूले सामूहिक राजीनामा दिएको अर्थोपेडिक डा. सरोज भगतले बताए । अस्पताल व्यवस्थापन समितिले ती विशेषज्ञ चिकित्सकलाई बेवास्ता गरेको स्थानीयहरुले आरोप लगाएको छ ।

अस्पतालमा दैनिक दुई सय बिरामी आउने गरेका छन् । विशेषज्ञ डाक्टर नहुँदा आफूहरू प्रभावित भएको जलेश्वर-२ का विनयकुमार पाण्डेयले बताए ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. प्रभातकुमार गामीले तीन जना चिकित्सकले सामूहिक राजीनामा दिएपछि सेवा प्रभावित भएको स्वीकार्दै समस्या सामाधानतर्फ आफू लागेको बताए ।

उनले अस्पताल व्यस्थापन समिति, मधेस सरकार र स्वास्थ्य मन्त्रालयसँग निरन्तर छलफल भइरहेको बताए । यसका साथै उनले राजीनामा गरेका डाक्टरलाई हाललाई असारसम्मको तलबभत्ता लिएर काममा फर्कन तथा बाँकी रकम पनि यथाशक्य चाँडो व्यवस्था गर्न आफू प्रतिबद्ध रहेको बताए ।

# विवाह पञ्चमी महोत्सवमा सुरक्षाकर्मी परिचालन गरिने

**टुडे समाचारदाता**

जनकपुरधाम । यही मङ्सिर १६ गतेबाट शुरु हुने साताव्यापी सीताराम विवाह पञ्चमी महामहोत्सवलाई व्यवस्थित तथा शान्तिपूर्ण रुपमा सम्पन्न गर्नका लागि सुरक्षाकर्मी परिचालन गरिने भएको छ ।

विवाह पञ्चमीमा सहभागी हुनका लागि आउने लाखौं तीर्थालुहरूको सुरक्षाका लागि १ हजार ४ सय नेपाल प्रहरी र सादा पोसाकमा समेत प्रहरी परिचालन हुने भएको छ ।

शान्ति सुरक्षालाई ख्याल गर्दै व्यापक रुपमा सुरक्षाकर्मीको परिचालन गर्नुका साथै पाकेटमारा सहितका अपराध रोक्नका लागि तालिम प्राप्त सदा पोसाकका प्रहरी परिचालन गरिने धनुषा प्रहरीका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीले जानकारी दिए ।

त्यस्तै सीमानाकादेखि मेलासम्म शान्ति सुरक्षा, भन्सार सुरक्षासहितको क्षेत्रमा भारतीय सीमा सुरक्षा बलसंग समन्वय गरेर मेलामा ७ सय ५ जना सशस्त्र प्रहरी परिचालन गर्नुका साथै अत्यधिक भीडभाड हुने ठाउँमा ड्रोनमार्फत पनि सुरक्षा निगरानी गर्ने तयारी गरिएको धनुषाका सशस्त्र प्रहरी उपरीक्षक दर्शन गिरीले बताए ।




मेलामा आउने सवारी साधन तथा भीडलाई व्यवस्थापन गर्नका लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले १ सय ४० ट्राफिक प्रहरी परिचालन गर्ने र मेलामा आउने सवारी साधन तथा हल्का सवारी साधनको पार्किङ स्थलको विषयमा ट्राफिक प्रमुख प्रहरी निरीक्षक हरि ओलीले जानकारी दिँदै भिभिआइपीका लागि विशेष मार्ग छुट्याउने तयारी गरिएको बताए ।

जनकपुरधाम उपमहानगरपालिकाले नगर क्षेत्रमा सरसफाई, बाह्र विघा रंगभूमि मैदानमा १ सय अस्थायी शौचालयको निर्माणका साथै हनुमानगढीमा शौचालय तथा ठाउँ ठाउँमा चापाकलको व्यवस्थापनको काम शुरु गरेको बैठकमा जनाएको छ ।

प्रादेशिक अस्पताल जनकपुरका निर्देशक डा.जामुन प्रसाद सिंहले प्रादेशिक अस्पतालले २४ औं घण्टा चिकित्सकीय सेवाका साथै मेलालाई लक्षित गरेर ७५ शैय्या छुट्याउने काम गर्नुका साथै आवश्यक औषधिको व्यवस्थापन गरिने बताए ।

त्यस्तै खानेपानी संस्थानले ठाउँ ठाउँमा धाराको जडान गर्नुका साथै विद्युत् प्राधिकरणले मेलामा विद्युत् नकाटिने गरी व्यवस्थापन गरेको बैठकमा जनाएको छ ।

यसका साथै नेपाल टेलिकमले मोबाइलको नेटवर्कमा समस्या नआओस् भन्नका लागि टावरसहितको थप ओबि भ्यानको व्यवस्थापन गर्नुका साथै सडक डिभिजन कार्यालयले सडकमा भएको खाण्डाखुण्डी पुर्ने काम गरिरहेको डिई दिपक कुमार झाले बताए ।

नेपाल रेडक्रसको समन्वयमा मेलाको विभिन्न भागमा १ सय १ वटा निःशुल्क स्वास्थ्य शिविरका साथै दुर्घटनामा परेकालाई रगत निःशुल्क दिने व्यवस्था मिलाएको सभापति नरेश प्रसाद सिंहले बताए ।

धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरीयाको अध्यक्षतामा भएको बैठकमा जनकपुरधाम उद्योग वाणिज्य संघका कोषाध्यक्ष मनोज साहले मेलाको सुरक्षाका लागि आउने ३ सय ५० सुरक्षाकर्मीको बाँसको व्यवस्थापनका साथै बाहिरबाट आउने तीर्थालुहरुलाई आवास तथा भोजनको व्यवस्था गरेको बताए ।

विवाहपञ्चमी महोत्सव अन्तर्गतको पहिलो दिन अर्थात मङ्सिर १६ गते जनकपुरधाम नगर दर्शनदेखि २२ गते रामकलेवासम्म साताव्यापी रुपमा विवाह पञ्चमी महामहोत्सव हुनेछ ।

प्रत्येक पाँच वर्षको अन्तरालमा भारतको अयोध्याबाट पाँच सयको संख्यामा जन्ती आउने छ ।

# सभापति देउवा आज जनकपुरधाम आउने



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा सोमबार आउने भएका छन् । प्रजातान्त्रिक आन्दोलनका योद्धा अरविन्द ठाकुरको जनकपुरधाम- २५ स्थित लोहना वभनगामामा प्रतिमा अनावरण कार्यक्रममा पूर्वप्रधानमन्त्रीसमेत रहेका सभापति देउवा सरिक हुने जनाइएको छ ।

नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पजियारले जनाए अनुसार सोमबार बिहान १० बजे विमानबाट सभापति देउवा जनकपुरधाम आउने कार्यक्रम तय रहेको छ ।

# विरासत जोगाउने दाउमा नेतृत्व लिनका लागि हानथाप

**टुडे समाचारदाता**

राजविराज । आसन्न मंसिर १६ मा हुने स्थानीय तहको उपनिर्वाचनको मिति नजिकिँदै जाँदा सप्तरीको डाकनेश्वरी नगरपालिकाका दुई वडामा उम्मेदवारहरूले चुनावी रणनीतिलाई तीव्रता दिएका छन् । सप्तरीको डाकनेश्वरी नगरपालिका-१ र ४ मा उपनिर्वाचन हुन लागेको छ ।

२०७९ सालको स्थानीय तह निर्वाचनमा डाकनेश्वरी-१ मा नेपाली कांग्रेसका तर्फबाट निर्वाचित वडाअध्यक्ष प्रीतमलाल चौधरी र वडा नम्बर ४ को वडाअध्यक्षमा निर्वाचित कांग्रेसका हरिप्रसाद रायको मृत्यु भएपछि रिक्त वडाअध्यक्ष पदका लागि उपनिर्वाचन हुन लागेको हो ।

डाकनेश्वरी-१ मा २ हजार ६ सय ७५ मतदाता रहेका छन् । अघिल्लो निर्वाचनमा कांग्रेस उम्मेदवार चौधरीले ५ सय ३५ मत प्राप्त गरी वडाअध्यक्ष निर्वाचित भएका थिए । उपनिर्वाचनमा अहिले वडाअध्यक्षका लागि ८ जना उम्मेदवार प्रतिस्पर्धामा छन् । कांग्रेसले प्रीतमलालकी श्रीमती भुलियादेवी थरुनीलाई उम्मेदवार बनाएर भावनात्मक मत बटुल्दै विरासत जोगाउने दाउमा छ ।



अघिल्लो निर्वाचनमा प्रीतमलालसँग ६६ मतले पराजित एमालेका उम्मेदवार धीरेन्द्रकुमार साह दुई साताअघि मात्र जनता समाजवादी पार्टी नेपालमा प्रवेश गरी उम्मेदवारी दिएका छन् । ०७९ को निर्वाचनमा जसपा नेपालबाट उम्मेदवार भएका लक्षनदेव साहले ४ सय ३८ मत पाएका थिए ।

एमालेबाट जसपामा आएका उम्मेदवार भएका धीरेन्द्र र तत्कालीन अवस्थामा जसपा नेपालबाट उम्मेदवार भएका लक्षणदेवको मतलाई एकीकृत गरी वडाअध्यक्षमा बाजी मार्ने दाउमा जसपा नेपालका नेता-कार्यकर्ता रहेका छन् । यस्तै एमाले, जनमत, माओवादी, राप्रपा र लोसपाका उम्मेदवारहरू पनि मतदाता लोभ्याउँदै आफूतिर आकर्षित गर्ने दाउमा छन् । चुनावी माहौलले डाकनेश्वरी नगरपालिका-४ पनि तातेको छ । अघिल्लो निर्वाचनमा कांग्रेसबाट उम्मेदवार भएर जितेका हरिप्रसाद रायले ३ सय ३३ मत प्राप्त गरेका थिए । रायभन्दा ६४ मत कम पाएर जसपा नेपालका महेन्द्र राय निकटतम प्रतिद्वन्द्वी बनेका थिए । यस वडामा कुल १ हजार ३ सय १५ मतदाता छन् ।

वडा तहको निर्वाचन भए पनि राजनीतिक दलका केन्द्रीय नेताहरूको दौडधुपले अहिले डाकनेश्वरी नगरपालिकामा चुनावी माहौल बनेको छ । मतदातालाई आफूतिर आकर्षित गर्ने रणनीति बनाउँदै उम्मेदवारहरू घरदैलोमा व्यस्त छन् । निर्वाचनलाई ध्यानमा राख्दै यस क्षेत्रको सुरक्षा व्यवस्था कडा पारिएको सप्तरी प्रहरीका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले बताए ।

# आँखाको निःशुल्क शल्यक्रिया

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको पटेर्वा सुगौली गाउँपालिका-५ स्थित तिलगंगा सामुदायिक आँखा केन्द्र निचुटामा आयोजित शिविरमा मोतियाबिन्दु आँखाको निःशुल्क शल्यक्रिया गरिएको छ ।

निचुटास्थित तिलगंगा सामुदायिक आँखा केन्द्रमा आयोजित तीनदिने शिविरमा २ सय ३० जनाको आँखाको निःशुल्क शल्यक्रिया गरिएको गाउँपालिका अध्यक्ष दिनेश चौधरीले जनाए ।




गाउँपालिकाको समन्वयमा तिलगंगा सामुदायिक आँखा केन्द्र निचुटाले गत शुक्रबारदेखि आइतबारसम्म सञ्चालन गरेको शिविरमा तिलगंगा सामुदायिक आँखा केन्द्र निचुटा र हेटौंडा सामुदायिक आँखा अस्पतालका चिकित्सकको टोलीले मोतियाबिन्दुको शल्यक्रिया गरेको चौधरीले बताए ।

तिलगंगा सामुदायिक आँखा केन्द्र निचुटाले पर्साकै विभिन्न ६ वटा पालिकाका ७ वटा वडामा मंसिर ३ देखि मंसिर ७ गतेसम्म निःशुल्क आँखा चेकजाँच शिविर सञ्चालन गरेको थियो। उक्त शिविरमा १ हजार ३ सय ७ जनाको आँखा परीक्षण गरिएकोमा तीमध्ये ३ सय ९ जनामा मोतियाबिन्दुको समस्या देखिएको थियो ।

# 'सरकारी कामकाजको भाषा चाँडै लागु हुन्छ'

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले सरकारी कामकाजको भाषा चाँडै लागु हुने बताएका छन् ।

सरकारी कामकाजको भाषाको बारेमा ध्यानाकर्षण गराउँदै इन्टेलेक्चुअल फाउन्डेसन नेपालका प्रतिनिधिसँग मुख्यमन्त्री सिंहले सरकारी कामकाज भाषा चाँडै लागु हुने बताए । मधेश प्रदेशमा कुन कुन भाषा सरकारको भाषा हुने सो बारे तयारी अवस्थामा रहेकाले यथाशीघ्र लागु हुने मुख्यमन्त्री सिंहले बताए ।

सरकारले मैथिली, भोजपुरी, बज्जिकालगायत आठ वटा भाषाको नामावली तयार पारेको छ । त्यसमध्ये नै सरकार कामकाजको भाषा प्रयोगमा ल्याउने तयारी सरकारको रहेको इन्टेलेक्चुअल फाउन्डेसन नेपाल, सप्तरीका अध्यक्ष डा. सूर्यप्रसाद यादवले जानकारी दिए ।



यद्यपि भाषा आयोगले मधेश प्रदेशका लागि सरकारी कामकाजका भाषाका लागि मैथिली, भोजपुरी र बज्जिका सिफारिस गरेको छ।

फाउन्डेसनले सरकारी तथ्यांक हेर्दा मधेश प्रदेशको शैक्षिक अवस्था निराशाजनक अवस्थामा रहेको ध्यानाकर्षण गराएको छ। नेपालको संविधान २०७२ को शिक्षा ऐन, २०२८ को ७ उपदफा २ (क) मा आधारभूत तहको शिक्षा मातृभाषामा दिन सकिने कुरा उल्लेख हुँदाहुँदै पनि कार्यान्वयन फितलो देखिएको भन्दै ध्यानाकर्षण पत्रमा उल्लेख छ।

संविधानको भाग ३२ को धारा २८७ बमोजिम गठन भएको भाषा आयोगले प्रदेशको कामकाजको भाषाको रूपमा तीन वटा भाषाहरू मैथिली, भोजपुरी र बज्जिकाको सिफारिस गरे पनि सो भाषाहरू प्रदेश सरकारको प्राथमिकतामा नपरेको आरोप उनले लगाए ।

सरकारी कामकाजको भाषा लागु गर्न इन्टेलेक्चुअल फाउन्डेसन नेपालले मधेश प्रदेशका शिक्षा मन्त्री रानी शर्मा तिवारीलाई पनि ध्यानाकर्षण गराएको छ ।

# पठनपाठनमा सुधार

**मनोज माझी**

राजविराज । पोहोरसम्म विद्यालयमा नियमित शिक्षक र विद्यार्थीको उपस्थिति गराउन शिक्षा शाखा र पालिकाका जनप्रतिनिधिलाई हम्मे पर्थ्यो । जति प्रयास गरे पनि सोचे जतिको उपस्थिति हुँदैनथ्यो ।

पटक पटक अनुगमनमा गएर सम्झाउँदै पनि खासै सुधार हुन सकेको थिएन । तर अहिले सप्तरीको विष्णुपुर गाउँपालिका क्षेत्रका विद्यालयहरुमा फरक दृश्य देखिन थालेको छ ।

अनुगमन टोली पुग्दा शिक्षक र विद्यार्थीको उपस्थिति उत्साहजनक देखिन थालेको छ ।

सो गाउँपालिका क्षेत्रमा ५ माबि र १३ आधारभुत गरी १८ विद्यालय छन् । सबै विद्यालयमा विगतको तुलनामा निकै सुधार भएको पाइएको छ ।

गाउँपालिका अध्यक्ष उमेश प्रसाद यादवको अध्यक्षतामा गठित अनुगमन तथा निरीक्षण समितिको टोलीले आइतबार जनता मावि खुरहुरिया र कनकट्टा माविको अनुगमन गरेको छ । दुवै विद्यालयमा शिक्षक र विद्यार्थीको उपस्थिति तथा पठनपाठन सन्तोषजनक पाइएको



टोलीका प्रमुख गाउँपालिका अध्यक्ष यादवले बताए ।

विगत दुई महिना यता उनकै नेतृत्वको टोली पालैपालो मातहतका सबै विद्यालय पुग्न थालेपछि शिक्षक र विद्यार्थीको नियमित उपस्थिति तथा शैक्षिक अवस्थामा सुधार आएको स्थानीय अभिभावक रुपेश प्रसाद यादवले बताए ।

अर्का अभिभावक गोपाल साहले नियमित नआउने शिक्षक र विद्यार्थीमाथि पालिकाले ८ बुँदे निर्णय मार्फत लगाम लगाएपछि यस्तो सुधार देखिएको बताए ।

गाउँपालिका अध्यक्ष यादवले मातहतका सामुदायिक विद्यालयको शैक्षिक अवस्थालाई गुणस्तरीय र विश्वशनीय बनाउन ८ बुँदे निर्णय गरिएको र सो निर्णय कडाइका साथ लागू गरिएको बताए । पालिकाले कक्षा कोठाभित्र मोवाइल निषेध, नियमित आउने शिक्षक र विद्यार्थीलाई प्रोत्साहन, पूर्व जानकारी बिना अनुपस्थित रहने शिक्षकको तलब भत्ता कटौती र शिक्षकलाई आफूले पढाउने विषयको अनिवार्य रुपमा पाँच योजना बनाएर आउनु पर्ने लगायतका ८ बुँदे निर्णय गरेको छ ।

यसको पालना भए नभएको बुझ्न टोलीद्वारा छड्के अनुगमन हुन थालेपछि विद्यालयमा विद्यार्थी र शिक्षकको उपस्थिति बढ्नुका साथै पठन पाठनमा सुधार हुन थालेको अनुगमन टोलीमा सहभागी प्रमुख प्रशासकीय अधिकृत सन्त कुमार मण्डलले जानकारी दिए । उनले विद्यालयहरुमा छड्के अनुगमन कार्य निरन्तर जारी रहने समेत बताएका छन् ।

अनुगमनका क्रममा टोली प्रमुख अध्यक्ष यादवले विद्यार्थीहरुसँग साक्षात्कारसमेत गर्ने गरेका छन् । सो क्रममा पठनपाठन र समग्र विद्यालयमा भएका समस्याका सम्बन्धमा जिज्ञासा राख्ने र समाधानका लागि पहल गर्ने गरिएका कारण पनि ८ बुँदे निर्णय प्रभावकारी देखिएको स्थानीय अभिभावकहरुले बताएका छन् ।

# चोरीको आरोपमा एक जना पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । चोरी गरेको आरोपमा एकजनालाई प्रहरीले पक्राउ गरेको छ ।

४० लाख ७९ हजार ८८० रुपैयाँ मुल्य बराबरको धनमाल चोरी गरेको आरोपमा महोत्तरीको सोनमा गाउँपालिका-७ स्थित सुन्दरका १९ वर्षीय सौखत अन्सारीलाई प्रहरीले पक्राउ गरेको छ ।

उनको साथबाट महोत्तरी प्रहरीले सुनको गरगहना (सिक्री, औठी, हातको बालासमे) रहेको १२.६ तोला तथा २४८ ग्राम चाँदीका गरगहना, सामसुङ कम्पनीको २ वटा मोबाइल, क्यानन कम्पनीको ८० डी मोडलको क्यामरा बरामद गरेको जनाएको छ ।

त्यस्तै ४१५ अमेरिकन डलर, ३५ अष्ट्रेलियन डलर, ५ युएइ दिराम, २० रुपैयाँ भारू, लगायतका सामानहरू बरामद गरेको महोत्तरी प्रहरीले जनाएको छ ।

पक्राउ परेका आरोपित चोरमाथि थप अनुसन्धान भइरहेको जनाइएको छ ।


## विज्ञापन आचारसंहिताको पालना गरौं

- विज्ञापन बोर्डमा सुचीकृत सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसंग मात्र विज्ञापन कारोबार गरौं,
- विज्ञापनको कारोबार गर्दा दुइपक्षीय वा त्रिपक्षीय सम्झौता गर्ने गरौं,
- विज्ञापन कारोबारमा सञ्चारमाध्यमको बील हेरेरमात्र भुक्तानी दिने गरौं,
- विज्ञापन दिन विज्ञापनदातालाई दबाब तथा प्रभाव नपारौं,
- विज्ञापन गरौं र आफ्नो व्यवसायको प्रवर्द्धन गरौं,
- विज्ञापन व्यवसायलाई स्वच्छ र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८